

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

विज्ञापनको लागि सूचना

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : १४० ★ ने. सं. ११४६ अनला गा, द्वादशी ★ शुक्रबार ★ २९ जेठ, २०८३ ★ June 12, 2026, Friday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



युद्धविराम सम्झौताको उल्लङ्घन गरी इजरायली सेनाले दक्षिणी लेबनानको सिडोन सहरमा हवाई मिसाइल हमलापछि दनदनी जलिरहेका सवारी साधनहरू र भवनहरू जून १०, २०२६ का दिन । हमलामा परी १८ जना सर्वसाधारण लेबनानीको तत्कालै ज्यान गएको र अरू दर्जनौं घाइते भएको लेबनानी रक्षा तथा स्वास्थ्य मन्त्रालयलाई उद्धृत गर्दै त्यस देशको राष्ट्रिय समाचार समितिले जनाएको छ ।

*तस्बिर : अलि हाशिशो/सिन्ह्वा*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २३

**सङ्घीय संसद् भवन सुरक्षावेश बानेश्वरमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रमोद कुमार यादव :**

सङ्घीय संसद् भवन सुरक्षावेश प्र.नि. को कमान्डमा रहेको छ । संसद् भवनको चारैतिर हाइप्वाइन्ट पोस्ट छन् । उल्लिखित पोस्टहरूमा चौबीसै घण्टा इन्सास राइफलसहित ड्युटी खटाइएको हुन्छ । उक्त क्षेत्र धर्ना, प्रदर्शन गर्न नपाइने निषेधित क्षेत्र हो । २०८२ भदौ २३ गते राष्ट्रियसभाको बैठक पनि थियो । सोहीअनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाटसमेत थप सुरक्षाकर्मी खटाइएको थियो ।

लगभग ११.०० बजे हजारौँको सङ्ख्यामा रहेका उत्तेजित प्रदर्शनकारीहरूले निषेधित क्षेत्र तोडे । चारैतर्फबाट संसद् भवनलाई घेरेर भवनको वाल तथा ढोकाहरू तोडफोड गर्दै भवनभित्र प्रवेश गर्न खोजे । संसद् भवनका सुरक्षाकर्मी ड्युटी बस्ने High Post हरूमा ढुङ्गामुढा तथा प्रवेश गेट, प्रहरी पोस्टहरूमा आगजनीसमेत गरे । सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग लाठी, ग्यासगन, इन्सास, एसएलआरसमेतका हतियार थिए । भिड हुलदङ्गामा परिणत भएपछि सशस्त्र प्रहरीले ग्यासगन प्रहार गरे । ग्यासगनले नियन्त्रणमा नआएपछि हवाईफायर गरे । यो प्रक्रिया दिनभरी चलि रह्यो । धेरै प्रहरी घाइते भए । बेलुका विभिन्न सामाजिक सञ्जालहरूबाट प्रदर्शनकारीहरू घाइते तथा मृत्यु भएको जानकारी भयो ।

सङ्घीय संसद् भवन सुरक्षाको लागि सेनाको टोली पनि आयो । २४ गते बिहानदेखि नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीसमेतले सङ्घीय संसद् भवनको सुरक्षा दिइरहेका थियौं । प्रदर्शनकारीहरूको ठुलो समूहले संसद् भवनलाई चारैतिरबाट घेरा हालेर प्रदर्शन गरिरहेका थिए । लगभग १३.०० बजेतिर ठुलो सङ्ख्यामा प्रदर्शनकारीहरू जम्मा भई संसद् भवनतर्फ ढुङ्गामुढा, गुलेली, पेट्रोल बम प्रहार गरे । गैंतीलगायतका औजारहरूले पर्खाल फोडेर खुकुरी, भालासहित भित्र प्रवेश गरी संसद् भवन जलाए । २४ गते प्रदर्शनकारीहरूले सङ्घीय संसद् भवनमा आगजनी गर्दा नेपाली सेनाबाट कुनै सुरक्षात्मक भूमिका निर्वाह भएन ।

**उपत्यका प्रहरी कार्यालय रानीपोखरी काठमाडौँमा कार्यरत प्रहरी सहायक निरीक्षक प्रदिप सिंह धामी :**

म काठमाडौँ उपत्यका कार्यालय रानिपोखरीको प्रबन्ध तथा जिन्सी शाखाको जिम्मेवारीमा छु । २०८२ भदौ २३ गतेसम्म काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा निमित्त कार्यालय प्रमुख प्रहरी नायव महानिरीक्षक ओमबहादुर राना हुनुहुन्थ्यो । २४ गतेदेखि तत्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की खटिने भन्ने थाहा पाएको थिएँ । सो कार्यालयका प्रहरी कर्मचारीहरू प्राय: फिल्डमा खटिँदैनन्, कार्यालयको कामकाजमा व्यस्त हुन्छन् ।

आन्दोलनकारीहरूले २४ गते बिहानैदेखि चारैतर्फ तोडफोड र आगजनीका साथ उग्र प्रदर्शन गरिरहेका थिए । अन्दाजी दिनको २/३ बजे लाठी, भाला, गैंती, साबेल, गुलेली, खुकुरीजस्ता हतियार तथा औजार लिई ठुलो समूहका प्रदर्शनकारीहरूले काठमाडौँ उपत्यका प्रहरी कार्यालयमा ढुङ्गामुढा तथा तोडफोड गर्न थाले । हामीले प्रदर्शनकारीहरूलाई सम्झाउने बुझाउने प्रयास गर्‍यौँ । प्रदर्शनकारीहरू कसैको कुरा नसुनी होहल्ला, ढुङ्गामुढा गर्दै कार्यालयभित्र प्रवेश गरे । उनीहरूले सवारी साधनमा तोडफोड, आगजनी गर्दै कार्यालयमा रहेका हातहतियार ३०३ राइफल २ थान, ७.६२ एमएमको एसएलआर राइफल ८ थान, फोल्डिङ/ननफोल्डिङ सर्टगन २ थान, मल्टीग्यास गन १ थान, ग्यास गन (सर्ट रेन्ज) १ थान, ग्यास हेन्ड ग्रिनेड २३ थान, ३८ स्पेसल रिभल्वर ७ थान, ४.४२ (३८) मिनि रिभल्वर १ थान, ९ एमएम (माउजर) जर्मनी पेस्तोल १ थान, ९ एमएम (CF ९८) चाइनिज पेस्तोल २७ थान, ९ एमएमपी ७ एम ८ जर्मनी पेस्तोल १ थान, ७.६२ Type ५४ चाइनिज

*बाँकी पृष्ठ ८ मा*

# युवा तथा विद्यार्थीहरूसँग राय–सुझाव सङ्कलन




भक्तपुर, २८ जेठ । आगामी आर्थिक वर्षको बजेट तथा नीति-कार्यक्रम तर्जुमाका लागि भक्तपुर नगरपालिकाले बिहीबार युवा, विद्यार्थी, टीम क्लब तथा वाचनालयहरूसँग राय-सुझाव सङ्कलन गर्‍यो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकाले आगामी बजेट, नीति तथा कार्यक्रमलाई थप प्रभावकारी बनाउन युवा तथा विद्यार्थीहरूबाट प्राप्त सुझावलाई प्राथमिकताका साथ समावेश गरिने बताउनुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्न २ वटा इन्जिनियरिङ कलेजसहित ७ वटा शैक्षिक संस्था सञ्चालन गर्दै भक्तपुरमै उच्च शिक्षा अध्ययन गर्ने अवसर उपलब्ध गराउँदै आएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले युवाहरूलाई शिक्षासँगै सीपमूलक तालिम सञ्चालन गर्नुका साथै कम्प्युटर, चिनियाँ तथा जापानी भाषा, एआई प्रयोगसम्बन्धी तालिम र युवा उद्यमशीलता ऋणमार्फत युवाहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाउन प्रयास गरिरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले वडा-वडामा आदर निकेतन स्थापना गर्नुपर्ने, कमलपोखरीको हिलो निकालेर सफा गर्नुपर्ने तथा दक्षिणपट्टिको पानी चुहिने समस्या समाधान गर्नुपर्ने, सुनध्वाका क्षेत्र सफा गरी मर्मत गर्नुपर्ने, टौमढी क्षेत्रमा ढुङ्गा छपाइ गर्नुपर्ने, मुख्य सडकका दायाँ-बायाँ वृक्षारोपण गर्नुपर्ने, गुणस्तरीय शिक्षाका लागि सूचना प्रविधिको विस्तार गर्नुपर्ने, रोजगारमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने, प्रत्येक वडामा इनडोर हल तथा खेलमैदान निर्माण गर्नुपर्ने, नागपोखरीमा पर्खाल निर्माण तथा मर्मत गर्नुपर्ने, थालाछेँ क्षेत्रमा पुस्तकालय स्थापना गर्नुपर्ने, बेरोजगार युवालाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गर्नुपर्ने, बालबालिकाका लागि सञ्चालन भइरहेको गृहकार्य कक्षा प्रभावकारी भएकाले थप २ जना शिक्षकको व्यवस्था गर्नुपर्ने, वाचनालयमा अद्यावधिक पुस्तकहरू उपलब्ध गराउनुपर्ने, वाचनालय तथा पुस्तकालयको जनशक्ति व्यवस्थापनका लागि बजेट तथा अनुदानको व्यवस्था गर्नुपर्ने, लिपि कक्षालाई निरन्तरता दिनुपर्ने, युवालक्षित कार्यक्रममा स्थानीय युवाको सहभागिता सुनिश्चित गर्नुपर्ने, नयाँ आवास क्षेत्रमा पनि स्थानीय मौलिकता झल्किने संरचना निर्माण गर्नुपर्ने राय प्रस्तुत गरेका थिए ।

त्यस्तै, पुस्तकालयलाई अध्ययनस्थल मात्र नभई उपयोगी ज्ञान र सीप विकासको केन्द्र बनाउनुपर्ने, सार्वजनिक शौचालयको अभाव भएकोले आवश्यक स्थानमा निर्माण गर्नुपर्ने, धुवाँ उत्सर्जन गर्ने कलकारखानाहरूलाई आवास क्षेत्रबाट टाढा स्थानान्तरण गर्नुपर्ने, प्लानिङ करिडोर क्षेत्रमा वृक्षरोपण गर्नुपर्ने, स्विमिङ पुल निर्माण गर्नुपर्ने, नयाँ आवास क्षेत्रमा सुरक्षा व्यवस्था सुदृढ गर्नुपर्ने, जग्गा अभाव भएका राम्रा सामुदायिक विद्यालयलाई सहयोग गर्नुपर्ने, रानीपोखरीमा शौचालय तथा पार्किङको व्यवस्था गर्नुपर्ने, सिद्धपोखरीको उत्तरतर्फ रहेको खेलमैदान स्थानीयको पहुँचमा ल्याउनुपर्ने, बालबोध शान्ति विद्यालय पुन:निर्माणका लागि बजेट व्यवस्थापन गर्नुपर्ने, ख्वप अस्पतालमा भीड व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने, स्थानीय कलाकारलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने प्लेटफर्म उपलब्ध गराउनुपर्ने, महेश्वरी खेलमैदानको स्तरोन्नति गर्नुपर्नेलगायतका सुझावहरू युवा विद्यार्थीले दिएका थिए ।

## व्यङ्ग्यचित्रको कुनो





**सुरक्षाकर्मीद्वारा उद्धारको पूर्वअभ्यास**

विपद् व्यवस्थापन समिति काभ्रेपलाञ्चोकको आयोजनामा जिल्लास्थित सुरक्षा निकायद्वारा संयुक्त रूपमा पनौती नगरपालिकाको खोपासीस्थित जलविद्युत् पोखरीमा बिहीबार विपद् उद्धारको पूर्वअभ्यास गर्दै सुरक्षाकर्मीको टोली । उक्त अभ्यासमा वर्षामा खोलाले बगाउँदा मानिसलाई र्‍याफ्टिङद्वारा उद्धार गर्ने तरिका प्रदर्शन गरिएको थियो । *तस्बिर: राजकुमार पराजुली/रासस*

# स्थलगत सहजीकरण टोली गठन

काठमाडौँ, २८ जेठ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरूले कानुनले तोकेको समयभित्रै वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, स्वीकृति र कार्यान्वयन सुनिश्चित गर्न स्थानीय तहहरूमा विशेष सहजीकरण कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

मन्त्रालयले तयार गरेको अवधारणापत्रअनुसार गत आर्थिक वर्षमा १५९ स्थानीय तहले तोकिएको समयमा बजेट तथा कार्यक्रमको विवरण अद्यावधिक नगरेका तथा गत साउन १२ गतेसम्म पनि ४९ वटा स्थानीय तहले बजेट पारित नगरेको हुँदा यस्तो कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।

उक्त कार्यक्रममार्फत स्थानीय तहमा तोकिएको समयमै बजेट पारित गराउने वातावरण निर्माण, वितरणमुखी र खुद्रे योजनाको प्रभाव न्यूनीकरण, वित्तीय सुशासन प्रवर्द्धन भई नतिजामुखी योजना तर्जुमा सहयोग पुग्नेछ ।

यसका लागि मन्त्रालयका सहसचिवहरूको नेतृत्वमा तीन वटा स्थलगत सहजीकरण टोली गठन गरिएको जनाएको छ । टोलीहरूले स्थानीय तहमा पुगेर जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग छलफल, अन्तरक्रिया र समन्वय बैठक सञ्चालन गर्नेछन् । स्थानीय तहमा बजेट तथा कार्यक्रम स्वीकृतिमा देखिएका समस्या पहिचान गरी समाधानका उपायसमेत सिफारिस गरिनेछ ।

मन्त्रालयका अनुसार स्थानीय तहका प्रमुख, उपप्रमुख, जनप्रतिनिधि तथा प्रमुख प्रशासकीय अधिकृतबाट समयमै बजेट पारित गर्ने र खुद्रे योजना समावेश नगर्ने प्रतिबद्धतापत्रमा हस्ताक्षर गराउने व्यवस्था गरिएको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले जनप्रतिनिधि र कर्मचारीबिचको सहकार्य, समन्वय र जिम्मेवारीलाइ थप मजबुत बनाउन मन्त्रालयले सहजीकरण अभियान अघि बढाएको बतउनुभयो । मन्त्री रावलले स्थानीय तहमा देखिएका समस्या समाधानका लागि मन्त्रालय आवश्यक सहयोग र समन्वय गर्न प्रतिबद्ध रहेको समेत स्पष्ट पार्नुभयो । ***(रासस)***

# भक्तपुर अस्पतालले सुरु गर्दै 'रोबोटिक' शल्यक्रिया

**- रमेश गिरी**

भक्तपुर, २८ जेठ । भक्तपुर अस्पतालले बिरामी र विशेषज्ञ चिकित्सकबिच लामो दूरीमा रही मुटुलगायतका जटिल शल्यक्रिया सफल रूपमा गर्ने अत्याधुनिक रोबोटिक सर्जरी सञ्चालनमा ल्याउने भएको छ ।

भारतलगायतका देशमा रोबोटिक सर्जरी अर्थात् रोबोटमार्फत गरिने जटिल शल्यक्रिया सफलपछि नेपालको सरकारी अस्पतालमा पहिलो पटक रोबोटिक सर्जरी सुरु गर्न लागिएको हो ।

विश्वको जुनसुकै देशको एउटा कोठामा बसेर चिकित्सकले अर्को देशको अस्पतालका बिरामीको शल्यक्रियामार्फत उपचार गर्ने प्रविधि रोबोटिक सर्जरी हो । निजी क्षेत्रका अस्पतालले त्यस खाले उपचार सेवा यसअघि नै सुरु गरिए तापनि भक्तपुर अस्पतालले सञ्चालन गर्न लागेको रोबोटिक सर्जरी अत्याधुनिक रहेको जनाइएको छ ।

वाग्मती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मगरले सरकारी अस्पतालमा पहिलोपटक भक्तपुर अस्पतालमा रोबोटिक सर्जरी सेवा सुरु गर्ने प्रक्रिया प्रदेश सरकारले सुरु गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अत्याधुनिक उपकरण र प्रविधिको प्रयोग गरी नेपालमा पहिलोपटक सरकारी अस्पतालमा रोबोटिक सर्जरी सञ्चालन गर्ने जमर्को वाग्मती प्रदेश सरकारले गरेको छ, त्यसका लागि बोलपत्र आह्वान भइसकेको छ । यसबाट बिरामीलाई सहज र सुलभ रूपमा उपचार सेवा दिन सक्छौँ ।"

विशेषज्ञ चिकित्सकले भित्तामा जडित ठुलो स्क्रिन हेर्दै रोबोट प्रविधिमार्फत शल्यक्रिया गर्ने भएकाले नेपालको स्वास्थ्य क्षेत्रका लागि नयाँ युगको सुरुआत भएको बताइएको छ । शल्यक्रियामा रोबोटिक प्रविधिको प्रयोगले चिकित्सक र बिरामी दुवैका लागि फाइदा र सहज हुने भक्तपुर अस्पतालका रोबोटिक विशेषज्ञ एवं कन्सल्टेन्ट सर्जन डा. रन्जिसकुमार पहाडी क्षेत्रीले जानकारी दिनुभयो ।

नेपालको चिकित्सा क्षेत्रमा झण्डै सवा शताब्दी




लामो इतिहास बोकेको भक्तपुर अस्पतालले विश्वसनीय स्वास्थ्य सेवा पुऱ्याउँदै आएको छ । पछिल्ला वर्षहरूमा सरकारी अस्पतालमध्ये लगातार उत्कृष्ट स्थान हासिल गर्दै आएको अस्पतालले समयको माग र नयाँ प्रविधिसँगै आफ्नो सेवालाई अझ आधुनिक बनाउँदै लगेको छ ।

उहाँले भक्तपुर अस्पताललाई रोबोटिक सर्जरी सेवासँगै यसको तालिम केन्द्रका रूपमा विकास गरिने बताउनुभयो । भक्तपुर अस्तालले त्यो सेवा सुरु गर्न आवश्यक जनशक्तिका समेत सञ्चालन गर्ने जनाएको छ । डा. पहारीले रोबोटिक शल्यक्रियाको सुरुआतले भक्तपुर अस्पताल अब परम्परागत उपचार पद्धतिबाट माथि उठेर नेपालकै एउटा उत्कृष्ट उपचार र सिकाइ केन्द्रको रूपमा रहन पुगेको दाबी गर्नुभयो ।

सरकारी अस्पतालमा भित्रिएको यस प्रविधिबाट गरिब तथा विपन्न वर्गका बिरामीले समेत संसारकै उत्कृष्ट र आधुनिक प्रविधिबाट सुलभ उपचार पाउने अस्पतालका निमित्त निर्देशक डा. त्रिभुवनचन्द्र झाले बताउनुभयो ।

**रोबोटिक शल्यक्रिया के हो ?**

रोबोटिक शल्यक्रिया मेसिन वा रोबोट आफैँले शल्यक्रिया गर्ने नभई रोबोटलाई सर्जन चिकित्सकले नियन्त्रणमा राखेर गरिने शल्यक्रिया भएका डा. पहारी बताउनुहुन्छ । उहाँका अनुसार, चिकित्सकले उपकरण चलाउँदा रोबोटका हात बिरामीको पेटभित्र निकै मसिनो र सटिक तरिकाले चल्ने भएकाले त्यसका माध्यमबाट शल्यक्रिया गरिन्छ ।

भक्तपुर अस्पतालमा त्यस प्रविधिको प्रयोग गरी विशेषगरी पेटको मांसपेशी नै सिलाउन र मिलाउनुपर्ने जटिल खालका हर्निया, पेट र आन्द्राको ट्युमर, पत्थरी, पाठेघरको ट्युमर, मिर्गौला र प्रोस्टेटसम्बन्धी जटिल समस्या तथा कार्डियाक ब्यारियाट्रिक र बाल चिकित्सा शल्यक्रिया सञ्चालन गर्ने लक्ष्यछ ।

कम दुखाइ र न्यून खर्चमा हुने यो प्रविधिले पेटमा ठुलो प्वाल नभई स-साना प्वाल पारेर शल्यक्रिया गरिनेछ । घाउ सानो हुने भएकाले तुलनात्मकरूपमा बिरामीलाई दुखाइ कम हुने, शल्यक्रियापछि थोरै समयमै हिँडडुल गर्न र घर फर्कन सहज हुनेछ । प्रविधिको प्रयोबाट हुने उपचार बिरामीको खर्च र अस्पतालको बसाई निकै कम हुने विश्वास गरिएको विवरणलाई व्यवस्थित तुल्याइने अस्पतालले जनाएको छ । प्रविधिलाई नेपाली बिरामीमा अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भनी अस्पतालका सर्जनले नियमित रूपमा अनुसन्धान गर्ने छन् । त्यससँगै अस्पताललाई तालिमसहित रोबोटिक शल्यक्रिया सिकाउने नेपालकै उत्कृष्ट सेन्टर अफ एक्सीलेन्स बनाउने तयारी गरिएको छ । ***(रासस)***

# रासायनिक मल उठाउन तथा वितरण प्रक्रियामा आवश्यक समन्वय गर्न निर्देशन

काठमाडौँ, २८ जेठ । सुदूरपश्चिम प्रदेशका नौ जिल्लाका २६ पालिकालाई विनियोजन गरिएको रासायनिक मल हालसम्म नउठाएको पाइएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयले सम्बन्धित निकायलाई पटक-पटक जानकारी गराउँदा पनि मल उठाउने विषयमा चासो नदिएको पाइएको हो । ती पालिकाले तुरुन्तै मल नउठाएमा कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसनका डिपोमार्फत किसानलाई सिधै मल बिक्री गर्ने मन्त्रालयको चेतावनी छ ।

मन्त्रालयले गरेको पछिल्लो निर्णयअनुसार डडेल्धुरा, बैतडी, दार्चुला, बाजुरा, बझाङ र डोटीका स्थानीय तहले तोकिएको परिमाणको मल नउठाएको कृषि सामग्री र साल्ट ट्रेडिङको तथ्याङ्क छ ।

साथै कैलालीको गोदावारी नागपालिकाले २१ हजार २३० किलो, गौरीजङ्ग नगरपालिकाले छ हजार ६९० किलो, जानकी गाउँपालिकाले १० हजार २५० किलो र धनगढी उपमहानगपालिकाले २१ हजार ५०० किलो रासायनिक मल उठाएका छैनन् ।

यस्तै, कञ्चनपुरका केही पालिकाले पनि रासायनिक मल उठाएका छैनन् । त्यहाँको भीमदत्ता नगरपालिकाले एक लाख छ हजार ८०० किलो र बेदकोट नगरपालिकाले एक लाख छ हजार ४०० किलो मल उठाएका छैनन् ।

यस्तै, अछाम जिल्लामा पर्ने पाँच स्थानीय तहमध्ये साँफेबगर नागरपालिका, बन्नीगढ जयगढ गाउँपालिका र कमल बजार नगरपालिकाले मल लैजान बाँकी छ । खेतीपातीको मुख्य याम धान रोपाइँ सुरु भइसके पनि सम्बन्धित निकायहरूले मल ढुवानी नगरेपछि किसानलाई मलको समस्या देखिन थालेको हो ।

स्थानीय तहले रासायनिक मल उठाउन तथा वितरण प्रक्रियामा आवश्यक समन्वय नगर्दा किसानसम्म मल समयमै पुग्न नसकेको अवस्था छ । वर्षे धान रोपाइँको समय नजिकिँदै गर्दा मल वितरणमा भएको ढिलाइले किसान प्रभावित हुने जोखिम बढेको छ ।

सुदूरपश्चिम प्रदेशले पाउने कोटामध्ये हाल कृषि सामग्री कम्पनीमार्फत उपलब्ध हुने रासायनिक मलमध्ये कैलालीमा ५२ प्रतिशत र कञ्चनपुरमा ३२ प्रतिशत मल वितरण हुने व्यवस्था छ । बाँकी १६ प्रतिशत मल डडेलधुरा, बैतडी, दार्चुला, बाजुरा, बझाङ, अछाम र डोटीलगायत अन्य जिल्लाका स्थानीय तहलाई छुट्याइएको छ । तर यी जिल्लाका सरोकारवाला निकायहरूले मल लैजान सकेका छैनन् ।

त्यस्तै, सुदूरपश्चिम प्रदेशमा साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत वितरण हुने मलमध्ये कैलालीमा ३४ प्रतिशत र कञ्चनपुरमा ५४ प्रतिशत हिस्सा छ । बाँकी १२ प्रतिशत मल अन्य जिल्लाका स्थानीय तहमा वितरण गरिने व्यवस्था रहे पनि ती जिल्लाबाट अपेक्षित रूपमा मल उठाउन सकेको अवस्था छैन । सुदूरपश्चिम प्रदेशमा ४३ पालिकाले रासायनिक मल बिक्री गर्दै आएका छन् । यसमध्ये १७ पालिकाले लगे पनि २६ पालिकाले हालसम्म मल लैजान सकेका छैनन् । ***(रासस)***

# सार्वजनिक जग्गा जोगाउन सरकारसँग हार गुहार

**- तप्टा वचन**

काठमाडौँ, २८ जेठ । काभ्रे पलाञ्चोक जिल्ला नमोबुद्ध न.पा.वडा नं.४ का स्थानीयहरूले ठण्डिराज उपाध्यायले कब्जा गरेको सार्वजनिक जग्गा जोगाउन प्रधानमन्त्री बालेनसँग हार गुहार गरेका छन् । उनीहरूले यसअघि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायतका सम्बन्धित सबै सरकारी निकायमा गरेको उजुरीमा ठण्डिराज उपाध्यायले कर्मचारीको आडमा रोकेको भन्दै एक निवेदनमार्फत हार गुहार गरेका हुन् ।

स्थानीयका अनुसार काभ्रे पलाञ्चोक जिल्ला मेथिनकोट गा.वि.स. वडा नं.२ (हाल नमोबुद्ध न.पा.वडा नं.४) स्थित कि.नं. ३०४ को ११-११-२-० क्षेत्रफल भएको जग्गा व्यक्तिगत नाममा दर्ता गरी ठण्डिराज उपाध्यायलगायतले करोडौँ कुम्ल्याएका हुन् ।

ठण्डिराज उपाध्याय र केदारराज उपाध्यायले परापूर्वकालदेखि गौचरन कायम भएको र २०३३ सालको नापीमा जङ्गल कायम भएको काभ्रेपलाञ्चोक जिल्ला मेथिनकोट गा.वि.स. वडा नं.२ ( हाल नमोबुद्ध न.पा.वडा नं.४ मा पर्ने) कि.नं. ३०४ को ११-११-२-० क्षेत्रफल भएको जग्गा व्यक्तिगत नाममा दर्ता गरी प्रतिआना सात लाखदेखि दस लाखसम्ममा बेचबिखन गरी करोडौँ कुम्ल्याएका हुन् ।

उनीहरूको यो कुरा विभिन्न सञ्चारमाध्यममा सार्वजनिक भएपछि ठण्डिराज उपाध्यायले सरकारी जग्गामा भोगचलन भएको देखाउन रातारात ट्र्याक्टर लगाएर खनजोतसमेत गरेका छन् ।

स्मरणीय छ, ठण्डिराज उपाध्याय र केदारराज उपाध्यायले परापूर्वकालदेखि गौचरन कायम भएको, २०३३ सालको नापीमा जङ्गल कायम भएको काभ्रेपलाञ्चोक जिल्ला मेथिनकोट गा.वि.स. वडा नं.२ (हाल नमोबुद्ध न.पा.वडा नं.४ मा पर्ने) कि.नं. ३०४ को ११-११-२-० क्षेत्रफल भएको जग्गा व्यक्तिगत नाममा दर्ता गरी प्रतिआना सात लाखदेखि दस लाखसम्ममा बेचबिखन गरी करोडौँ कुम्ल्याएको र परापूर्व कालदेखि गाईवस्तु चराउने गौचरनको रूपमा प्रयोग हुँदै सरकारी कायम भएको उक्त जग्गा छुट जग्गाको नाममा दर्ता गरेर बेचबिखन गर्ने कार्यमा ठण्डिराज उपाध्याय, केदारराज उपाध्याय, काभ्रेपलाञ्चोक जिल्लाका मालपोत प्रमुख, नापी प्रमुख र नमोबुद्ध न.पा.वडा नं.४ का वडाध्यक्ष अर्जुनबहादुर कार्कीको प्रत्यक्ष संलग्नता रहेको भन्दै २०८२ साल मङ्सिरमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, वन मन्त्रालय, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकलगायत सम्बन्धित सबै निकायमा उजुरी परेको थियो ।

यसरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग, जिल्ला प्रशासन कार्यालय, काभ्रे पलाञ्चोकलगायत सम्बन्धित निकायमा उजुरी परेपछि अत्तालिएका ठण्डिराज उपाध्याय र केदारराज उपाध्यायले उक्त जग्गा आफूले भोगचलन गरेको देखाउन तोरी खेती लगाएका हुन् ।

यसरी ठण्डिराज उपाध्याय, केदारराज उपाध्यायले सार्वजनिक जग्गामा खेती लगाएर कब्जा गर्न खोजेपछि उनीहरूलाई नियन्त्रणमा लिएर र उनीहरूको सम्पूर्ण बैङ्क खाता रोक्का गरेर अनुसन्धान अघि बढाउनुपर्ने माग गर्दै स्थानीय बासिन्दाले पुन: सप्रमाण अख्तियार दुरूपयोग अनुसन्धान आयोग, काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी र नमोबुद्ध नगरपालिकामा निवेदन पेस गरेको तर, हालसम्म पनि उक्त जग्गा सार्वजनिक कायम नभएको भन्दै प्रधानमन्त्रीसमक्ष निवेदन पेस गरेको बताएका छन् ।

# माडीमा जडीबुटी उद्यान बनाईदै

चितवन, २८ जेठ । यहाँको माडी नगरपालिकामा जडीबुटी पार्क (उद्यान) बनाउन थालिएको छ । डिभिजन वन कार्यालय चितवनको सहयोगमा माडी-७ मा पार्क निर्माण गर्न लागिएको हो । कार्यालयका सूचना अधिकारी देवीप्रसाद पौडेलका अनुसार पार्कमा ३०० जडीबुटीका बिरुवा रोपिने छ । पार्कमा मौवा, तेजपत्ता, अमला, बेलजस्ता जडीबुटी प्रकृतिका बिरुवा रोपिने छ । तीनदेखि पाँच मिटरको फरकमा बिरुवा रोप्ने गरी सम्झौता भई काम सुरु गरिएको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जडीबुटी पार्कबाट उत्पादित जडीबुटीले आयुर्वेदिक औषधि निर्माणमा सहयोग पुग्ने छ ।" यसका लागि कार्यालयले रु. दुई लाख बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो ।

## सङ्क्षिप्त समाचार

# भन्सार छलेका १४ थान आइफोन मोबाइल बरामद

काठमाडौँ, २८ जेठ । प्रहरीले भन्सार छलेका १४ थान अन्दाजी रु. सात लाख बराबरको आइफोन मोबाइल बरामद गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा दाखिला गरेको छ ।

काठमाडौँको चन्द्रागिरि नगरपालिका-२ नागढुङ्गास्थित चेक प्वाइन्टमा बुटवलबाट काठमाडौँतर्फ आउँदै गरेको लुरख ६५६६ नम्बरको यात्रुवाहक बसलाई चेकजाँच गर्ने क्रममा प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएका संयुक्त प्रहरी टोलीले कालो झोलामा राखी ल्याइएको बिलबिजक बिनाका उक्त आइफोन मोबाइल बरामद गरिएको प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिनुभयो । ***(रासस)***

# चार पालिकामा ३० हजारलाई दादुराविरुद्धको खोप

गलकोट (बागलुङ), २८ जेठ । बागलुङ जिल्लाका चार पालिकामा ३० हजार बालबालिका तथा किशोरकिशोरीलाई निःशुल्क दादुराविरुद्धका खोप प्रदान गरिने भएको छ ।

गलकोट, बडिगाड, तमानखोला र निसीखोला गाउँपालिकाका बासिन्दाहरूलाई दादुराविरुद्धको खोप अभियान सञ्चालन गर्न लागेको खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो ।

आगामी असार १ गतेबाट ७ गतेसम्म पालिकाका सबै खोप केन्द्रबाट छ महिनादेखि १९ वर्षसम्मका बालबालिका तथा किशोरकिशोरीलाई उक्त खोप निःशुल्क प्रदान गरिने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ ।

उहाँका अनुसार दादुरा अत्यन्त सङ्क्रामक भाइरल रोग भएकाले यसको सङ्क्रमण फैलिन नदिन लक्षित क्षेत्रका सबै बालबालिकालाई अनिवार्य रूपमा खोप लगाउन जनस्वास्थ्य कार्यालयले आग्रह गरेको हो ।

ज्वरो, रुघाखोकी वा शरीरमा रातो बिमिरा देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क गर्न, नियमित हात धुन, खोक्दा वा हाछ्युँ गर्दा मुख छोप्न तथा सरसफाइमा विशेष ध्यान दिन अनुरोध गरिएको छ । ***(रासस)***

# बीपी अस्पताल सुधार गर्ने प्रतिबद्धता

नारायणगढ (चितवन), २८ जेठ । सेवाग्राहीले असन्तुष्टि जनाएपछि भरतपुरस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल प्रशासनले सुधारात्मक कदम चाल्ने प्रतिबद्धता जनाएको छ ।

मङ्गलबार सेवाग्राहीले अस्पताल प्रशासनसँग छलफल गर्दै बिरामीमैत्री सेवा प्रवाहमा ढिलाइ, कर्मचारीको व्यवहार तथा स्वास्थ्य बिमा र विपन्न नागरिक लक्षित सेवामा सहजता नभएको गुनासो गरेका थिए ।

कर्मचारी र सेवाग्राहीबिचको सम्बन्धलाई थप सौहार्दपूर्ण र मर्यादित बनाइने, फार्मेसी सेवालाई सुदृढ गरिने तथा बेड व्यवस्थापन र क्षमता विस्तारमा ध्यान दिने सम्बन्धमा अस्पताल प्रशासन र सेवाग्राहीबिच सहमति भएको छ ।

अस्पतालका निमित्त कार्यकारी निर्देशक उमेश नेपालले सेवाग्राहीबाट उठाइएका विषयलाई सकारात्मक रूपमा ग्रहण गर्दै सुधारात्मक कार्यान्वयन गरिने वचन व्यक्त गर्नुभएको थियो ।

सेवाग्राहीले बिमाका बिरामीको थप चाप बढेको उल्लेख गर्दै स्वास्थ्य बिमा तथा विपन्न नागरिक लक्षित सेवामा देखिएका समस्याको समाधानका लागि आवाज उठाएका थिए ।

हाल दैनिक रूपमा करिब एक हजार २०० जना बिरामीले बहिरङ्ग (ओपिडी) सेवा लिने गरेका छन् । तीमध्ये अधिकांश फलोअपका बिरामी रहने तथा दैनिक २५ देखि ३० जना नयाँ क्यान्सरका बिरामी पहिचान हुने गरेको निर्देशक नेपालले बताउनुभयो । ***(रासस)***

# 'मारिया अस्पताल' बिनाअनुमति सञ्चालन

काठमाडौँ, २८ जेठ । काठमाडौँको बालुवाटारस्थित 'मारिया अस्पताल' (मारिया हेल्थ सेन्टर प्रालि) हाललाई बन्द गरिएको छ ।

मेडिकल काउन्सिलले गरेको अनुगमनमा उक्त अस्पताल गैरकानुनी रूपमा सञ्चालन भएकाले सिलबन्दी गरी हाललाई बन्द गरिएको बुझिएको मेडिकल काउन्सिलका निमित्त रजिष्ट्रार डा. दीपेन्द्र पाण्डेले जानकारी दिनुभयो ।

उहाँले विना अनुमति सञ्चालन रहेकाले उक्त अस्पतालका सञ्चालकमाथि कारबाही चलाउन जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर, काठमाडौँमा पत्राचार गरिएको बताउनुभयो ।

काउन्सिलले आवश्यक अनुमति र क्लिनिकल मापदण्ड पूरा नगरी चिकित्सा अभ्यासमा संलग्न तीन चिनियाँ नागरिकको चिकित्सक अभ्यास अस्थायी दर्ता तत्कालका लागि निलम्बन गरेको छ ।

संस्थाको बोर्डमा नाम राखी आचारसंहिता उल्लङ्घन गर्ने नेपाली चिकित्सकलाई तीन दिनभित्र लिखित स्पष्टीकरण पेस गर्न निर्देशन दिइएको डा. पाण्डेले जानकारी दिनुभयो । ***(रासस)***



**पानी जमेर जलमग्न सडक**

महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका वडा नं २, महेन्द्रचोकस्थित सडकमा परेको पानी जमेर जलमग्न भएको अवस्था । पानी जाने निकासा नभएको कारण सडकमा पानी जमेको हो । तस्बिर: सञ्जीतकुमार मण्डल/रासस

# तरकारी खेती गरी आत्मनिर्भर बन्दै रौतहटका महिलाहरू

**- रमेश तिमलसिना**

चन्द्रपुर (रौतहट), २८ जेठ । चन्द्रपुर नगरपालिका-७ वनबहुअरीकी दुखनी थरुनीलाई हिजोआज तरकारी टिप्न र बेच्न भ्याइनभ्याइ छ । करिब पाँच कठ्ठा आफ्नै जमिनमा व्यावसायिक रूपमा लगाइएको तरकारी बालीले थरुनीलाई व्यस्त बनाएको छ भने आर्थिक रूपमा पनि सबल बनाएको देखिन्छ ।

लौका, करेला, घिरौंलालगायतका तरकारी अहिले उहाँको बारीमा लटरम्म छन् । दैनिक रु. एक हजार ५०० देखि दुई हजारसम्मको तरकारी बिक्री गर्ने गरेको तरकारी कृषक थरुनी बताउनुहुन्छ । उहाँले आफ्ना ग्राहकलाई बारीबाटै तथा बाँकी रहेको तरकारी स्थानीय हाटबजारमा लगेर बिक्री गर्नुहुन्छ । दैनिक आम्दानी हुन थालेपछि थरुनीको आर्थिक अवस्थामा उल्लेखनीय सुधार आएको छ । आर्थिक सम्पन्नतासँगै महिला हिंसा तथा आफ्ना हकअधिकारबारे समेत सचेत र सक्षम भएको उहाँको भनाइ छ ।

वडा नं. ७ कै दिलकुमारी काफ्लेले पनि व्यावसायिक रूपमा बाख्रापालन गरेर मनग्य आम्दानी गर्न थाल्नुभएको छ । बाख्रापालनबाट आफू आर्थिक रूपमा सबल बनेको उहाँ बताउनुहुन्छ । सोही गाउँकी सुनिता माझीले पनि किराना पसल सञ्चालन गरेर आफूलाई व्यस्त मात्र राख्नुभएको छैन, त्यसबाट हुने आम्दानीले पारिवारिक खर्च सहज रूपमा धान्नुभएको छ ।

यस्तै, राजपुर नगरपालिका-९ बैरियाकी मिनादेवीले पनि व्यावसायिक तरकारी खेतीबाट मनग्य आम्दानी गरिरहनुभएको छ । तरकारी खेतीबाट भएको आम्दानीले छोराछोरी पढाउनेदेखि घरखर्च चलाउन सहज भएको उहाँ बताउनुहुन्छ । सोही ठाउँकी गुलसन खातुनले घरमै टेलरिङ व्यवसाय सञ्चालन गरेर स्वरोजगार बन्नुभएको छ । घरखर्च चलाउन र व्यक्तिगत खर्चका लागि कसैसँग पैसा माग्नुपर्ने अवस्था नरहेको उहाँको भनाइ छ ।

त्यस्तै, राजपुर-५ स्कुलटोलकी जरिमा खातुनले टेलरिङ व्यवसाय सञ्चालन गरेर तीन छोरा र तीन छोरीलाई पढाउन सफल भएको बताउनुभयो । आर्थिक रूपमा सबल हुनुका साथै समाजमा हुने लैङ्गिक हिंसा न्यूनीकरण अभियानमा पनि उहाँ सक्रिय हुनुहुन्छ ।

यी केही उदाहरणबाहेक पनि यहाँका अधिकांश महिला कुनै न कुनै व्यवसायमार्फत आफू र परिवारको आर्थिक स्तर सुधार्न सक्षम बनेका छन् । यस्ता महिलाहरू जिल्लामा एक हजारभन्दा बढी रहेका छन् । ग्रामीण विकास केन्द्र नेपालद्वारा सञ्चालित लैङ्गिक हिंसा न्यूनीकरण परियोजनाअन्तर्गत आबद्ध करिब एक हजार महिला अहिले स्वरोजगारका साथै आर्थिक रूपमा सबल बन्दै गएका छन् ।

केन्द्रले इस्लामिक रिलिफ क्यानाडाको आर्थिक सहयोग तथा इस्लामिक रिलिफ नेपालको व्यवस्थापकीय सहयोगमा केही वर्षदेखि लैङ्गिक हिंसालाई सम्बोधन गर्न महिला, पुरुष तथा बालबालिकाको सामाजिक-आर्थिक सशक्तीकरण परियोजना सञ्चालन गर्दै आएको छ ।

राजपुर र चन्द्रपुर नगरपालिकाका १२ वटा वडामा विद्यमान लैङ्गिक हिंसालाई सम्बोधन गर्दै लक्षित समुदायको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको तथा स्वास्थ्य सुधार सुनिश्चित गरी लैङ्गिक हिंसा न्यूनीकरण गर्ने लक्ष्य रहेको परियोजनाका प्रमुख धर्मेन्द्र साहले बताउनुभयो । उहाँका अनुसार राजपुर नगरपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ९ तथा चन्द्रपुर नगरपालिकाका वडा नं. १, २, ५, ७ र ८ मा आर्थिक सशक्तीकरणमार्फत लैङ्गिक हिंसाबाट प्रभावित वा उच्च जोखिममा रहेका महिलालाई समाजमा पुनःस्थापना गर्ने तथा लैङ्गिक हिंसासम्बन्धी जोखिम कम गर्दै जाने परियोजनाको मुख्य उद्देश्य रहेको छ ।

चन्द्रपुर नगरपालिकामा १७ वटा समूहमा आबद्ध ४३० जना तथा राजपुर नगरपालिकामा २३ वटा समूहमा आबद्ध ५८० जनाभन्दा बढी महिलालाई प्रतिव्यक्ति रु. ६५ हजारका दरले व्यवसाय सञ्चालनका लागि नगद सहयोग गरिएको उहाँले जानकारी दिनुभयो । महिलाहरूको रुचिअनुसारका कार्यक्रमलाई सहयोग गर्दै आएको पनि उहाँले बताउनुभयो ।

सोही परियोजनाअन्तर्गत सामाजिक सशक्तीकरणका लागि सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र स्थापना गरी लैङ्गिक हिंसा न्यूनीकरणका कार्यक्रम सञ्चालन भइरहेको छ । किशोरीहरूलाई लक्षित गरी चन्द्रपुर नगरपालिकाका परियोजना सञ्चालित पाँचवटै वडामा १० सामुदायिक सिकाइ तथा संरक्षण केन्द्र सञ्चालनमा रहेका छन् भने राजपुर नगरपालिकाका सात वडामा १४ वटा केन्द्र सञ्चालनमा रहेका छन् । परियोजनाका अनुसार हालसम्म दुई हजार ४०० बालबालिकाले ती केन्द्रमार्फत रूपान्तरण कोर्स पूरा गरिसकेका छन् । विद्यालय वा मदरसाबाट बाहिर रहेका किशोरीहरूलाई रूपान्तरण विधिमार्फत जीवनोपयोगी सीप सिकाउँदै सामाजिक अभियानमा सहभागी गराउने तथा नेतृत्व विकासमा सहयोग गर्ने लक्ष्य राखिएको साहले बताउनुभयो ।

महिलाहरूलाई व्यवसायसँगै आवश्यक तालिम, वित्तीय साक्षरता तथा समय-समयमा प्रशिक्षण दिने र घरका पुरुष सदस्यलाई समूहमा आबद्ध गरी लैङ्गिक हिंसा तथा महिला अधिकारबारे प्रशिक्षण दिइँदै आएको ग्रामीण विकास केन्द्रका अध्यक्ष पारस हुसेनले बताउनुभयो । उहाँका अनुसार समूहका महिलालाई वित्तीय साक्षरता, अन्तरपुस्ता संवाद, नेतृत्व विकासलगायत विषयमा क्षमता अभिवृद्धि गर्ने खालका प्रशिक्षण सञ्चालन भइरहेको छ । ***(रासस)***

दर्ता नं.: ४७/०५५/५६ पान नं.: ३०१३७५१३९

"आपसी सहयोग, सद्भाव र सामूहिक हितका लागि सहकारी"

सामूहिक बचत तथा ऋण सहकारी संस्था लि.
Samuhik Saving & Credit Co-op. Society Ltd.
बोलाछें, भक्तपुर न.पा.-३, भक्तपुर । फोन नं.: ०१-६६१३५१२, ६६११२४

## गैह्र वित्तीय सम्पत्ति बिक्रीसम्बन्धी सूचना

संस्थाको नाममा दर्ता कायम रहेको तपसिलको विवरण भएका जग्गाहरू बिक्री गर्ने भएकोले सो जग्गा खरीद गर्न चाहने व्यक्ति एवम् सङ्घ संस्थाले आफूले खरीद गर्न चाहेको मूल्यसहित सूचना प्रकाशित मितिले १५ दिनभित्र संस्थामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं | कि.नं | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. | काभ्रेपलाञ्चोक जिल्ला, सुनथान-८ हाल पनौती, न.पा. ६ | ८ | ९६७ | ०-४-२-१ |
| २ | सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. | काभ्रेपलाञ्चोक जिल्ला, नाल्दुम बालुवापाटी-८ हाल मण्डनदेउपुर न.पा. ५ | ८ | ६०८ | २-१३-३-३ |

**सर्त तथा बन्देजहरू:**

१. माथि उल्लेखित जग्गाहरू निरीक्षण गर्न चाहेमा वा सो जग्गाहरूको मूल्यका विषयमा बुझ्न यस संस्थाको मुख्य कार्यालय, भक्तपुर न.पा ३ बोलाछेँमा सम्पर्क गर्न सकिनेछ ।
२. जग्गा खरिद गर्न चाहने व्यक्ति तथा सङ्घ संस्थाले आफूले खरिद गर्न चाहेको रकमको १०% रकम संस्थाको नामको राष्ट्रिय वाणिज्य बैङ्क लि. सूर्यविनायक शाखाको खाता नं. 1370100001165001 मा जम्मा गरेको भौचर संस्थामा पेस गर्नुपर्नेछ ।
३. जग्गा बिक्री गर्ने नगर्ने अन्तिम अधिकार संस्थामा निहित रहनेछ ।
४. सबैभन्दा बढी मूल्य राख्नेलाई जग्गा उपलब्ध गराइनेछ । पहिलो कबोलवालाको बाँकी ९०% रकम बुझाएर जग्गा नामसारी गरी नलिएमा दोस्रो कबोलवालालाई जग्गा दिन सक्नेछ ।

। सम्पादकीय ।

# मौलिक शैलीमा सम्पदा संरक्षण गर्नु जरुरी

कुनै पनि स्थानको सम्पदा संरक्षण गरेर जीवन्तता दिनुपर्छ । सम्पदा संरक्षण गर्नुको अर्थ उहिलेको संरचना जोगाउनुमात्र होइन त्यसको मौलिकता कायम गर्नु हो । मौलिकता आफ्नोपन हो, पहिचान हो । सम्पदा संरक्षण गरिएन भने आफ्नो भन्ने कुरा केही हुँदैन । संरक्षणको नाउँमा मौलिक सम्पदा म्हाद्दै आधुनिक संरचना निर्माण गर्दै गयो भने भोलि आफ्नो मौलिकता र आफ्नो पहिचानको कुनै नाम निसाना हुनेछैन । आफ्नो स्थानको मौलिकता जोगाएर नयाँ पुस्तालाई सुसूचित गर्न नसके पछिल्लो पुस्ताले देशको ऐतिहासिकता र सांस्कृतिक महत्त्वको सम्पदा कसरी चिन्छ ? अचेल मौलिक सम्पदा संरक्षणको नाउँमा आधुनिक सामग्री या कङ्क्रिटको अधिक प्रयोग भइरहेको विज्ञहरूको भनाइ रहेको छ ।

कुनै मौलिक सम्पदा मठ, मन्दिर, सत्तल, पाटी, चैत्य, स्तुप, विहार भूकम्प, जीर्ण भएर या जुनसुकै कारणले भत्केर पुन:निर्माण गर्दा आधुनिक ढङ्गले पनि पुन:निर्माण गरिएको हामीले देखेका छौं । त्यो समयमा सम्पदा पुन:निर्माण गर्नु राम्रो पक्ष मानिएला । तर, आधुनिक शैलीको कारण त्यसले सम्पदा स्थललाई गिज्याइरहेको हुन्छ । कुनै मन्दिरको आकार र शैली नै फरक गरी बनाइएको सम्पदाको फोटो, चित्र वा अरु सङ्केत छ भने त्यसको आधारमा मौलिक शैलीमा सम्पदा पुन:निर्माण गर्नुपर्छ । विश्व सम्पदा स्थल टौमढीनेर रहेको लक्ष्मीसिंह मन्दिर पुन:निर्माण गर्नुभन्दा अघि सानो मन्दिरजस्तो पनि होइन, बनाइएको थियो । त्यो सय वर्ष पुरानो भयो, त्यो नै सम्पदा भयो भनेर वास्तविक मन्दिरको आकार नदिई बनाइयो भने त्यो कसरी मौलिक सम्पदा हुन्छ ?

लायकु दरबार सँगै रहेको फसी आकारको 'फसिदेग' मन्दिर अर्कै शैलीको थियो । फसिदेग भनिएको त्यो मन्दिर यथार्थमा सिलु महाद्यो हो । पहिलेको त्यो फसिदेग सय वर्षभन्दा पुरानो भयो भनेर मौलिक शैलीको नबनाई अर्कै शैलीमा बनाइयो भने त्यो मौलिक सम्पदा कसरी हुन्छ ? विश्वकै सम्पदा सूचीमा रहेको भक्तपुर दरबार क्षेत्रमा रहेको न्हेखं झ्यो दरबार आधी आधुनिक र आधी मौलिक शैलीमा रहेको छ । आधुनिक शैलीको त्यो दरबार यथावतै पुन:निर्माण गरियो भने सय वर्ष पुरानो भए पनि त्यो मौलिक हुँदैन । झापा वडा नं. ९ मा रहेको ब्रह्मायणी मन्दिर पनि अर्कै शैलीमा पुन: निर्माण गरिएको थियो । हालको ब्रह्मायणी मन्दिर मौलिक शैलीको कदापि होइन । त्यो मन्दिर पनि सय वर्षभन्दा बढी हुन लाग्यो भनेर मौलिक शैलीमा पुन:निर्माण नगरी आधुनिक या अर्कै शैलीमा पुन:निर्माण गरेर त्यो कसरी मौलिक हुन्छ ?

सम्पदालाई जीवन्तता दिन मौलिक शैलीमा निर्माण गर्नुपर्छ । मौलिक शैलीमा पुन:निर्माण गर्न आर्थिक समस्या भयो भने केही समयको लागि मर्मत सम्भार गर्नु अर्को पाटो हो । यस विषयमा पुरातत्त्व विभाग सचेत र जिम्मेवार हुनुपर्ने हो । सम्पदा संरक्षणको जिम्मा बोकेको पुरातत्त्व विभाग या विभागका उच्चपदस्थ व्यक्तिहरू नै जुनसुकै आधुनिक भवन, मन्दिर, घर, सत्तल, चैत्य या अन्य वस्तुलाई सय वर्षभन्दा बढी भयो भनेर आधुनिक शैलीमा पुन:निर्माण गर्नुपर्छ भनेर अडानमा बस्यो भने मौलिकता कसरी कायम हुन्छ ? विश्व सम्पदा सूचीमा सूचिकृत विभिन्न सम्पदाहरू नेपालको मात्र होइन विश्वकै सम्पत्ति हुन् । विश्व सम्पदामा सूचिकृत मौलिक सम्पदालाई आधुनिक शैलीमा स्वरूप परिवर्तन गर्नु पुरातत्त्वविद्हरूलाई सुहाउँदैन । पुरातत्त्व विभाग र सम्पदाप्रेमीहरूबिच विवाद भएरै कति आधुनिक शैलीका सम्पदाहरू पुन:निर्माण नभएर त्यसै थन्किरहेको पाइन्छ । सम्पदा संरक्षण गर्ने काम पुरातत्त्व विभागको हो । तर, त्यस निकायकै ध्यान गएको छैन । त्यस निकाय या अरु कनै देशी या विदेशी सङ्घ संस्थाबाट अवरोध सिर्जना गर्नु, दबाब दिनु या रोक्नु असल नियत होइन । ती सम्पदाहरू जतिसुकै वर्ष भए पनि मौलिक शैलीमा पुन:निर्माण गर्दा के बिग्रिन्छ र !

आधुनिक सम्पदालाई मौलिक शैली कायम गर्दा के त्यो सम्पदा हुँदैन ? यदि कुनै मौलिक सम्पदा कारणबस क्षति भएर कुनै बेला आधुनिक शैलीमा निर्माण गरिएको छ भने त्यो फेरि त्यस्तै पुन:निर्माण गर्नुपर्छ भनी जोड दिनु बुद्धिमानी हुनेछैन । अन्यथा, संरक्षणको नाममा हुने पुन: निर्माणले ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक महत्त्व बोकेको सम्पदा संरक्षित हुनेछैन; पहिलेको सम्पदा स्थल, जीवित सङ्ग्रहालय कङ्क्रिट या आधुनिक सम्पदा स्थल हुनेछ । यसले पछि नयाँ पुस्तामा मौलिक शैलीको घर, भवन, मन्दिर, मठ, चैत्य, स्तुप, विहारको जानकारी हुनेछैन । जेठ २८ गतेको 'अन्नपूर्ण' पोस्ट दैनिकमा लेखियो, 'मासिँदै सम्पदा, नासिँदै पहिचान' शीर्षकको समाचार । पुरातत्त्व विभागको यस्तै अदूरदर्शिता र अपरिपक्व बुद्धिको कारण उपत्यकाका सम्पदा स्थलहरू बेलाबखत खतराको सूचीमा परेको हो । अत: विश्व सम्पदा स्थललाई जीवित सङ्ग्रहालयकै रूपमा कायम गर्न आधुनिक होइन मौलिक शैलीमै सम्पदाको मर्मत सम्भार, जीर्णोद्धार र पुन:निर्माण गर्नुपर्छ । नत्र मौलिक सम्पदा नासिँदै जानेछ र कालान्तरमा यहाँ मौलिक सम्पदा भन्ने हुनेछैन । मौलिक शैलीमा सम्पदा संरक्षण गर्न पहिलेको निर्णय पनि संशोधन गर्न सम्बन्धित निकाय अग्रसर हुनुपर्छ । नत्र, सांस्कृतिक सम्पदा सङ्कटमा पर्छ र मौलिकता हराउँदै जानेछ ।

# "देशको झण्डालाई भिक्षापात्रो बनाएर देश सार्वभौम रहन सक्दैन"

● सृजना सैंजू

अर्थशास्त्रको भाषामा देशको अर्थतन्त्र 'Debt trap' (डेट् ट्राप्प) अर्थात् ऋण पासोमा छ । यो ऋण तिर्न ऋण लिनुपर्ने अवस्था हो अनि यहाँ ऋणको ब्याज तिर्न पनि ऋण लिइँदै छ । अहिले विनियोजित बजेटको २० प्रतिशत ऋणको ब्याज तिर्न छुट्याइएको छ । ऋण सिद्धान्तअनुसार, लिइएको ऋण उत्पादनशील क्षेत्र अर्थात् विकास पूर्वाधारको क्षेत्रमा लगानी गर्नुपर्छ, अर्को भाषामा भन्ने हो भने कुल गार्हस्थ उत्पादन बढ्ने गरी ऋणको उपयोगिता हुनुपर्छ । तर, कुल बजेटको ६० प्रतिशत चालु खर्च लाग्ने गरी तलबभत्ता वृद्धि गरिएको छ भने २० प्रतिशतमात्र पूर्वाधार निर्माणमा लगाउने योजना प्रकाशित छ । बजेटको स्रोत राजस्वतर्फबाट ६६ प्रतिशत मात्र हो भने बाह्य र आन्तरिक गरी झण्डै ३१ प्रतिशत स्रोत ऋणबाट छ । ऋणबिना नियमित काम पनि नहुने भएरै नयाँ अर्थमन्त्रीले भनेका होलान् "ऋण नलिए देश ठप्प हुन्छ । मान्छे सुत्नको लागि पनि ऋण लिनुपर्छ ।" यो अवस्था कसरी आयो ?




सार्वजनिक ऋण ३० खर्ब नजिक पुगेको तथ्याङ्क छ । प्रत्येक नेपालीको टाउकोमा १ लाख ८ हजार ऋण भार छ । पछिल्लो १० महिनामै पाँच खर्ब ३२ अर्ब ऋण लिइयो । अघिल्ला तथ्याङ्कअनुसार कुल गार्हस्थ उत्पादनमै ऋणको हिस्सा झन्डै ४५ प्रतिशत छ । ऋणसँगै परनिर्भरता, गरिबी, भ्रष्टाचार, रोग, बेरोजगारी थपिए । देश झन् बढी खोक्रो बन्यो । अझै पनि ऋणकै भरले आर्थिक औपनिवेशिक मानसिकता छताछुल्ल भएको छ ।

अर्थतन्त्रको अर्को पासो 'Aid trap' एड ट्राप्प अर्थात् वैदेशिक सहायता या विदेशी मुद्रा पासो हो । सरकारकै तथ्याङ्कअनुसार पछिल्लो १० वर्षमा बजेटको २१.५ प्रतिशत हिस्सा विदेशी सहयोग छ । यसर्थ आजसम्मका बजेट अर्थात् सिङ्गो अर्थतन्त्र विदेशी सहयोगसँगै आएका विदेशी शर्तहरूको दास बन्यो भन्दा फरक नपर्ला ।

के नेपालमा यी आर्थिक पासो राजनीतिक पासोमा बदलिएको हो ? समीक्षा गरौँ । हाम्रा पार्टी अध्यक्षज्यूको विचारअनुसार "देशको झण्डालाई भिक्षापात्रो बनाएर देश सार्वभौम रहन सक्दैन" । दशकौं दशकसम्म एनजीओ आइएनजीओको खेती राजनीतिक दल, शासक दलहरूबाटै भयो । पछिल्लो समय एमसीसी हुँदै ग्रेजोनले प्रमाण दिएअनुसार आइआरआई, एनडुडी, युथ काउन्सिल नामको डलरकै कारण देशले आजको दुर्घटना भोग्नुपर्यो, देशमा आगजनी भयो, सिंहदरबारलगायतका देशका सम्पत्तिहरू जलाइए, शासन परोक्ष वैरीको हातमा गयो । आज यी प्रमाण र विश्लेषणमा घोत्लिन जरुरी छ ।

लज्जाको विषय त प्रदेश सभा अझै यूएन र दातृनिकायहरूसँग सहयोग माग्दै छ । कम्तीमा अहिले बन्ने प्रदेश बजेटले वैदेशिक आर्थिक पासोबाट उन्मुक्तिको व्यावहारिक बाटो देखाओस् । सङ्घलाई त्यतातिर प्रदेशले सचेत गराओस् । अहिलेको प्राथमिकता देशको सार्वभौमिकता हो, आत्मनिर्भरता हो ।

देशको अर्को दुखान्त बजार अर्थतन्त्र आयातमा निर्भर हुनु हो । सबैभन्दा बढी पेट्रोलियम पदार्थ आयात गर्दा रहेछौं हामी । जबकि त्यसको विकल्प हामीसँग छ, जलविद्युत् । जलविद्युत्मा आत्मनिर्भरताको गुन्जायस कुनै पनि बजेटमा भएन । आयात निर्भर अर्थतन्त्रमा विश्व अर्थतन्त्रको उतारचढाव, युद्ध, सङ्कटको प्रत्यक्ष र गहिरो असर पर्छ । युक्रेन युद्ध, इजरायलले प्यालेस्टाइनमा गरेको युद्ध हुँदै अहिले चलिरहेको संरा अमेरिका–इरान युद्धको असर हामी हाम्रो भान्छासम्म भोग्दै छौं । नेपाली बजारमा मुद्रास्फीति र मूल्यवृद्धिले आकाश छुँदै छ । परनिर्भरताको पासो डरलाग्दो हुन्छ, हाम्रो बजार हामी निर्भर रहेको देशको स्वार्थअनुरूप चल्ने गरेको छ । अझ भनौं हाम्रो बजारको चाबी बाहिर विदेशमा छ । अहिले भारतबाट चिनी नाकाबन्दीजस्तै छ । तेल नाकाबन्दीको सम्भावना उस्तै छ । कुनै पनि बेला बजारमा अत्यावश्यक वस्तुको अभाव हुन सक्छ । हाम्रो बजेटले के सम्भावित आर्थिक सङ्कटसँग सामना गर्ने उपाय दिन्छ ?

Domestic market या घरेलु अर्थतन्त्र बलियो नबनेसम्म, बहुमत जनताको क्रयशक्ति नबढेसम्म अर्थतन्त्र कमजोर हुन्छ । हाम्रो प्राथमिकता यतातर्फ होस् । उत्पादन, बजार र वित्त मात्र कमजोर होइन श्रम निर्यातको दुश्चक्रले देश खोक्रो बनेको यथार्थ लुकाउनै सकिन्न, लुकाउन मिल्दैन ।

यसर्थ बजेट विनियोजनको सैद्धान्तिक आधारमै घोत्लिनुपर्ने समय हो यो । हामी सिद्धान्त र प्राथमिकताबारे छलफल गर्दै छौं । के फेरि पनि पुरानै मोडल या ढाँचामा जानु सुहाउँछ ? प्रस्तुत विनियोजन विधेयकको छाँटकाँट त्यही देखिन्छ ।

विश्वमा अहिले Capital Market Economy अर्थात् पुँजीवादी बजार अर्थतन्त्र असफल छ । नवउदारवादी अर्थव्यवस्था पतनउन्मुख मात्र होइन अमानवीय पनि छ भन्ने विश्लेषण भइरहेको छ । बजार अर्थतन्त्रलाई state या राज्यले नियमन गर्ने, निजी क्षेत्रभन्दा सरकार बलियो, जिम्मेवार र जवाफदेही बन्ने अर्थतन्त्र हरेक कोणबाट सफल छ । विश्वमा अझ भनौं मार्केट इकोनोमीलाई मार्क्सवादले लगाम लगाएको अर्थतन्त्र संसारमै द्रुत प्रगति गर्दै छ । छिमेकी देश चीनको द्रुत विकास त्यो मिसाइल हो ।

तसर्थ बजेटको आधार विचार हुनुपर्छ । त्यो विचार नवउदारवादी हुनुहुँदैन । संविधानमा लेखिएझैं व्यवहारमा पनि समाजवादी हुनुपर्छ । आर्थिक आत्मनिर्भरताका लागि उत्पादनमा स्टेट, बजारमा स्टेट, वित्तमा स्टेट, स्वदेशमै रोजगारी सिर्जनामा स्टेटको बलियो उपस्थिति र अगुवाइले मात्र नेपालजस्तो गरिब मुलुक कम्तीमा विकासोन्मुख देशमा छिट्टै उक्लिन्छ र त्यो प्रयास वाग्मती प्रदेशबाट होस्, कम्तीमा यसले केन्द्रलाई बाटो देखाओस् ।

*(वाग्मती प्रदेशसभा सदस्य सृजना सैंजूले गत जेठ ११ गते सम्पन्न वाग्मती प्रदेशसभाको १८ औं अधिवेशनको प्रथम बैठकमा राख्नुभएको विचारको सम्पादित अंश)*

# अफ्रिकालाई मनाउने प्रयासमा किन सफल भइरहेको छैन फ्रान्स ?

● ब्रेट डी. शेफर

विश्व शक्तिको रूपमा फ्रान्सको कद घट्दै गएको छ । तथापि, विश्व मञ्चमा यो देशको पतन विगत एक दशकमा विशेष तीव्र रहृयो । यो पतन सबैभन्दा स्पष्ट अफ्रिकी राष्ट्रमा देखिन्छ, जहाँ कुनै समय फ्रान्सको ठूलो प्रभाव राख्ने गर्थ्यो । यही गुमेको सद्भावना फिर्ता गर्ने हतास प्रयासमा फ्रान्सले मिश्रित परिणामसहित अफ्रिकी राष्ट्रलाई समर्थन गर्नेदेखि सहयोग बढाउन पनि थालेको छ । भर्खरै सम्पन्न 'अफ्रिका फर्वार्ड शिखर सम्मेलन' यसै दिशामा पछिल्लो प्रयास रह्यो ।

सम्मेलनका क्रममा सुरक्षा परिषद्ले प्रयोग गर्ने भिटोमा सुधार गर्ने २०१५ को प्रस्तावप्रति अफ्रिकी समर्थनलाई पुन: जोड दिइयो । केन्यामा सम्पन्न अफ्रिका फर्वार्ड शिखर सम्मेलनले 'नवप्रवर्तन र वृद्धिका लागि अफ्रिका-फ्रान्स साझेदारी' लाई प्रवर्द्धन गर्न खोजेको थियो । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रौंले ऊर्जा, कृत्रिम बुद्धिमत्ता (एआई) र कृषिमा केन्द्रित २७ अर्ब डलरको नयाँ लगानीको घोषणा गरे, जसमा ६० प्रतिशत फ्रान्सेली योगदान हुनेछ भने ४० प्रतिशत अफ्रिकी हिस्सा हुनेछ ।

केहीले यस शिखर सम्मेलनलाई सन् २०२२ मा अमेरिकाले आयोजना गरेको यस्तै शिखर सम्मेलनको नक्कलका रूपमा लिए । त्यतिबेला पनि हाल फ्रान्सले प्रस्ताव गरेको भन्दा दोब्बर बढी लगानी गर्ने वाचा गरेको थियो । महत्त्वपूर्ण रूपमा अमेरिकाले सो महत्त्वाकाङ्क्षी लक्ष्य दुई वर्षभित्र पूरा गरेको थियो । विगतका सम्मेलनको नक्कल यसको सबैभन्दा खराब पक्ष थिएन । फ्रान्सेली दृष्टिकोणबाट शिखर सम्मेलनको मुख्य उद्देश्य लगानी वृद्धिभन्दा अफ्रिकी सरकारसँग सम्बन्ध पुनर्स्थापित गर्ने थियो । यस लक्ष्यमा भने फ्रान्स असफल भएको छ ।

**अफ्रिकाभर फ्रान्सको गिर्दो अवस्था**

कुनै समयको अफ्रिकाको प्रमुख औपनिवेशिक शक्तिको रूपमा फ्रान्सले लामो समय यस भेगमा ठूलो प्रभाव राख्यो । फलस्वरूप, स्वतन्त्रतापछि पनि फ्राङ्कोफोन (फ्रेन्च भाषा बोल्ने) पूर्वफ्रेन्च शासित देशमा यसले लामो समयदेखि सेनासमेत तैनाथ गरेको थियो । तथापि, विगत एक दशकको अवधिमा भने महादेशमा फ्रान्सेली प्रभाव तीव्र रूपमा घट्दै गएको छ । विभिन्न देशमा तैनाथ फान्सेली सेना निष्कासित भइरहेका छन् । कुनै समयका घनिष्ट देशसँगको सम्बन्ध चिसिँदै गएको छ । उता, इस्लामिक विद्रोहले विशाल रूप लिँदा मालीजस्ता पूर्व आश्रित देश अहिले हातबाट फुत्किएका छन् ।

विभिन्न समयमा अफ्रिकी देशका घरेलु राजनीतिमा हुने फ्रान्सेली हस्तक्षेप र मैत्रीपूर्ण सरकारलाई सघाउन पुर्‍याएको असफलताले फ्रान्सप्रतिको आमआक्रोश निरन्तर बढ्दै गयो । विगत पाँच वर्षमा बुर्किना फासो, माली र निजेरका 'निरङ्कुश' सरकारले फ्रान्सेली कूटनीतिज्ञ र सैन्य बललाई निष्कासन गरे । चाड, कोट डी' भ्वार (आइभरी कोस्ट) र सेनेगलसँगको सम्बन्ध पनि त्यस्तै बिग्रँदै गएको छ । अझ चिन्ताजनक कुरा, फ्रान्ससँग टाढिएका यसका प्राय: पूर्वऔपनिवेशिक साझेदार रुससँग नजिकिएका छन् । रुसी प्रभावको विस्तारले यस क्षेत्रमा अमेरिकी सम्बन्धलाई पनि नकारात्मक असर पारेको छ । यसको सबैभन्दा प्रमुख घटनाको रूपमा सन् २०२४ मा अमेरिकी सेनालाई निष्कासन गर्ने निजेरको निर्णय मानिन्छ ।

निरन्तर गिर्दो सम्बन्ध सुधार गर्न र सम्बन्ध पुनर्स्थापित गर्ने उद्देश्यले म्याक्रौंले कूटनीतिक प्रयास तीव्र पारेका छन् । सन् २०२५ मा फ्रान्सले अल्जेरियासँग सम्बन्ध पुनर्स्थापित गर्न, लाइबेरियासँग सहकार्य सम्झौता सबल बनाउन र केन्या, तथा नाइजेरियासँग सम्बन्ध विस्तार गर्न खोज्यो । यी प्रयासले अहिलेको 'अफ्रिका फर्वार्ड शिखर सम्मेलन' लाई आधार प्रदान गर्‍यो । म्याक्रौंले अफ्रिकी सरकारसँग 'पारस्परिक सम्मान' को आवश्यकतालाई जोड दिँदै फ्रान्स र महादेशबिचको नयाँ साझेदारीको प्रतिज्ञा गरेको छ ।

**सम्भव छैन म्याक्रौंको प्रस्तावित संयुक्त राष्ट्र सुधार**

यसबिच म्याक्रौंले अफ्रिकाका थप ११ नयाँ देशले सार्वजनिक रूपमा फ्रान्सले अघि सारेको सन् २०१५ को संयुक्त राष्ट्र सङ्घ सुधारसम्बन्धी प्रस्तावको समर्थन गरेको जनाए । मेक्सिकोको सह-प्रायोजित उक्त प्रस्तावमा 'सुरक्षा परिषद्का स्थायी सदस्यले आमनरसंहारको घटनामा भिटो प्रयोग नगर्ने सहमति जनाउने' उल्लेख छ । सुन्दा प्रभावशाली लाग्ने यो घोषणा एक प्रकारले जाली देखिन्छ । खासमा संयुक्त राष्ट्र सङ्घका सुधारका पक्षधरले भिटो प्रणाली नै पूर्ण रूपमा हटाउनुपर्ने बताउँदै आएका छन् । तथापि, पूर्ण हटाउने त परको कुरा कस्तो विषयमा भिटो लगाउन नपाउने विषय आफैंमा एक अप्राप्य लक्ष्य हो ।

भिटोमा औपचारिक सीमितता कार्यान्वयन गर्ने हो भने संयुक्त राष्ट्र सङ्घको बडापत्रमा संशोधन गर्नुपर्छ । बडापत्रको संशोधनका लागि सङ्घका सबै स्थायी सदस्यहरू (चीन, फ्रान्स, रुस, बेलायत र संयुक्त राज्य अमेरिका) को समर्थन र अनुमोदन आवश्यक पर्छ । चीन, रुस र संयुक्त राज्य अमेरिकाले यस्तो संशोधनलाई समर्थन गर्ने सम्भावना छैन । उल्लेखनीय

बाँकी पृष्ठ ८ मा

## समाजवाद निर्माणका चुनौती र श्रमिकहरूको भूमिका

# क्रान्तिकारी चेतना र उत्पादनको मोर्चा : क्युवाली अनुभवको सन्दर्भ

✍ चे ग्वेभारा

साथीहरू ! हामी अन्तर्राष्ट्रिय श्रमिक दिवसको पूर्वसन्ध्यामा हाम्रो देशको उत्पादनको सेवामा र समाजवाद निर्माणको महान् उद्देश्यको सेवामा आफ्नो प्रयासद्वारा हाम्रो मन्त्रालयअन्तर्गतका विभिन्न प्रतिष्ठानहरूमा आफूलाई अग्रदस्ता श्रमिकका रूपमा स्थापित गरेका ती साथीहरूलाई सम्मान गर्न पुन: एकपटक भेला भएका छौँ ।

गत वर्षका बान्ह महिनामा, हामीले ती साथीहरूसँग समय-समयमा कुराकानी गरेका छौँ, जसले कामप्रतिको आफ्नो समर्पणद्वारा महिनैपिच्छे हाम्रा प्रतिष्ठानका सम्पूर्ण श्रमिकहरूको बिचमा आफूलाई उत्कृष्ट साबित गरे ।

हामीले बारम्बार भन्दै आएका छौँ- अग्रदस्ता श्रमिकहरूको हकमा अत्यधिक नम्रता सद्‌गुण नभएर एउटा दोष हो; अग्रदस्ता श्रमिकले आफ्नो उदाहरण प्रस्तुत गर्नुपर्छ, यसलाई जीवन्त र स्पष्ट बनाउनुपर्छ, यसको सञ्चार गर्नुपर्छ र यसलाई टाढा-टाढासम्म फैलाउनुपर्छ । उसले आफ्नो उत्साह अन्य सबै साथीहरूमा सञ्चार गराउनुपर्छ र आफ्नो व्यक्तिगत प्रयासलाई सबै श्रमिकहरूको एउटा विशाल, एकीकृत र सामूहिक प्रयासमा रूपान्तरण भएको सुनिश्चित गर्नुपर्छ । उसले अग्रदस्ता कारखानाहरूको प्रयासलाई देशका सम्पूर्ण कारखाना र उत्पादनका सबै केन्द्रहरूको ठुलो सामूहिक प्रयासमा बदल्न मद्दत गर्नुपर्छ । उसले समाजवाद निर्माणका लागि आवश्यक भौतिक प्रचुरता र कठिन क्षणहरूमा देशको रक्षाका लागि आवश्यक यसका छोराछोरीहरूको चेतनाको अविनाशी शक्ति दुवै प्राप्त गर्नका लागि कार्यदक्षता र हाम्रा जनताको चेतना दुवैलाई एकसाथ गहिरो बनाउँदै लैजानुपर्छ ।

पूरा एक वर्षभरि यी दुई कार्यहरू पूर्ण रूपमा सम्पन्न भएका छन् ।

त्रुटिबिना होइन, थोरै वा धेरै गम्भीर गल्तीबिना होइन, अनि फेरि सही बाटोमा फर्कनका लागि भएका भूल, ठक्कर र पछाडि हटेका कदमबिना पनि होइन । तर, अदम्य उत्साह र सन् १९६२ को हाम्रो कार्यप्रतिको पूर्ण समर्पणका



साथ हामीले हाम्रो समाजको जगलाई अझ मजबुत बनायौँ । हामीले सम्पूर्ण विश्वमा क्रान्तिकारी चेतनाको विकासमा पनि योगदान पुऱ्यायौँ, जब याङ्की (अमेरिकी) आक्रमणकारीको आणविक धम्कीको सामना गर्दै हाम्रा सम्पूर्ण जनता गत अक्टोबर र नोभेम्बरमा जुर्मुराए र यस्तो जवाफ दिए जुन नि:सन्देह इतिहासमा लेखिनेछ ।

यो एउटा उदाहरण थियो- कसरी क्रान्तिमा होमिएका जनताले ठुलाभन्दा ठुला खतराहरू, यहाँसम्म कि स्वयम् आणविक विनाशको धम्कीको समेत सामना गर्न सक्छन् - जुन धम्की विश्व इतिहासका अन्य समाजका लागि अज्ञात थियो । यो एउटा उदाहरण थियो- कसरी क्रान्तिकारी चेतना र विजय प्राप्त गर्ने दृढ सङ्कल्प, अनि समाजवादी कित्ताका सबै देशहरू र विश्वभरका तमाम स्वतन्त्र मानिसहरूको जुझारु ऐक्यबद्धताका साथ, पृथ्वीको सबैभन्दा आक्रामक र शक्तिशाली साम्राज्यवादी शक्तिको ढोकामै बसिरहेको एउटा सानो राष्ट्रले विजय हासिल गर्न सक्छ, आफ्नो सार्वभौमसत्ता कायम राख्न सक्छ र सबैभन्दा महत्त्वपूर्ण कुरा, आफ्नो समाजको निर्माण कार्यलाई निरन्तर अगाडि बढाउन सक्छ ।

साथीहरू ! उत्पादनको मोर्चामा हामीलाई सुम्पिएको केन्द्रीय कार्य भनेको जस्तोसुकै खतराको धम्की भए पनि वा जस्तोसुकै कठिनाइहरू पार गर्नुपरे पनि निरन्तर निर्माण कार्यलाई अगाडि बढाउनु हो । यो त्यही कार्य हो जसलाई हामीले विकास र परिष्कृत गर्दै लगिरहेका छौँ ।

प्रत्येक बित्दो वर्षसँगै हामीले कम्तीमा पनि कम गल्तीहरू गरिरहेका छौँ; प्रत्येक वर्ष हामी आफ्नै त्रुटी र अन्य देशका जनताका अनुभवबाट सिकिरहेका छौँ । यसरी हामीले यस देशमा भविष्यको एक शक्तिशाली, स्वायत्त र आत्मनिर्भर उद्योगको आधार निर्माण गरिरहेका छौँ- एउटा यस्तो देश जसले आफ्नो माटोको उर्वरता, अनुकूल जलवायु र तुलनात्मक रूपमा न्यून जनघनत्वमा आधारित आफ्नो विशाल कृषि सम्पदामा भर पर्नुपर्नेछ ।

तपाईँहरू सबैलाई थाहा छ- क्युवामा कति ठुलो सङ्ख्यामा निरक्षरहरू थिए । हामी सबै त्यस लडाइँका साक्षी र कुनै न कुनै रूपमा सहभागी हौँ, जुन हामीले अज्ञानता- यस अवस्थामा निरक्षरताविरुद्ध लडेका थियौँ र यो अन्य कुनै पनि लडाइँ जत्तिकै वीरतापूर्ण थियो ।

तर, निरक्षरता त जनताको सांस्कृतिक शून्यताको एउटा चरम रूपमात्र हो । जसले पढ्न र लेख्नमात्र सिक्छ, उसले संस्कृतितर्फको पहिलो पाइलामात्र चालेको हुन्छ तर अझै यसमा केही योगदान दिन भने सक्दैन ।

आधुनिक प्रविधि विशाल फड्को मार्दै अगाडि बढिरहेको छ । यस देशमा एक योग्य प्राविधिक बन्नका लागि अब छिट्टै नै एकभन्दा बढी भाषा बोल्न सक्ने ज्ञान हुनु आवश्यक हुनेछ; प्राविधिक पुस्तकहरू पढ्नका लागि एकभन्दा बढी भाषाको ज्ञान आवश्यक हुनेछ, ताकि जुनसुकै भाषामा लेखिएका प्राविधिक विशिष्टता (Specifications) र निर्देशनहरू पढ्न सकियोस् - किनकि पुँजीवादीहरूले पनि प्रविधिको क्षेत्रमा धेरै कुरा उत्पादन गरेका छन् र ती निकै राम्ररी उत्पादन गरेका छन् - ती सबै अनुभवबाट कसरी फाइदा लिने भन्ने जान्नु आवश्यक छ ।

त्यसैले, सीपको स्तर वृद्धि गर्नु सरकार र सम्पूर्ण जनताको एक प्रमुख कार्य हो र यसलाई कदापि छोड्नु हुँदैन । पुरुष र महिलाहरूले कामको थकानका बाबजुद पनि अध्ययनका लागि अपरिहार्य प्रयास गर्नुपर्छ, चाहे दिनको एक घण्टा वा आधा घण्टा नै किन नहोस् र यसरी आफ्नो ज्ञानलाई निरन्तर बढाउँदै लैजाने प्रयास गर्नुपर्छ ।

केही हप्ता वा महिनामा तय गरिएको दूरी सानो देखिनु ठुलो कुरा होइन । यो वर्षौंको कार्य हो र यस्तो कार्य हो जुन कहिल्यै समाप्त हुनु हुँदैन । यो एकजना प्रारम्भिक सिकारुको लागि; अर्थात्, जेनतेन पढ्न र लेख्न जान्ने एउटा निश्चित उमेरको श्रमिकका लागि निकै कठिन कार्य पनि हो । तर, जति-जति नयाँ ज्ञान हासिल हुँदै जान्छ, संस्कृति अब क्रान्तिकारी कर्तव्य वा क्रान्तिकारी दायित्व पूरा गर्नका लागि गरिने कम वा बढी




कष्टप्रद कार्य मात्र रहने छैन, बरु यो एउटा मानवीय आवश्यकता बन्नेछ । त्यसपछि, सिक्ने कार्यलाई निरन्तरता दिनु कुनै अतिरिक्त बोझ वा प्रयास हुनेछैन ।

यस कार्यमा समाजका ठुलो मात्रामा स्रोत-साधन र अथाह प्रयासहरू खर्च भएका छन् र भइरहनेछन् । हामी यो विश्वास गर्छौं- संस्कृति र जनस्वास्थ्य यस्ता सेवाहरू हुन्, जसमा हामीले आफ्ना जनताका लागि जति खर्च गरे पनि त्यो पर्याप्त हुँदैन । हामीले जति धेरै दिन सक्छौँ, त्यो सबैका लागि त्यति नै राम्रो हुनेछ । त्यसैले हामीले सकेसम्म धेरै प्रदान गरिरहनेछौँ ।

तर याद राख्नुहोस्; विभिन्न तहमा श्रमिक-विद्यार्थीहरूलाई शिक्षा दिइरहेका शिक्षकहरू उत्पादनको कार्यबाट बाहिर छन् । त्यसैले, उनीहरू राज्यका लागि एक खर्च हुन्, जसको शोधभर्ना समाजलाई दोब्बर प्रयासद्वारा गरिनुपर्छ ।

हामीले अर्को एउटा जल्दोबल्दो प्रश्नमाथि पनि विचार गर्नुपर्छ : नयाँ तलबमान र कार्य मापदण्डहरू । यी दुई निकट सम्बन्ध भएका बुँदाहरू हुन् जसबारे हामी एक वर्षभन्दा बढी समयदेखि छलफल गरिरहेका छौँ ।

मलाई सम्झना छ, गत मे दिवसको पूर्वसन्ध्यामा यही हलमा मैले यो कार्य सम्पन्न गर्न नसकेकोमा क्षमायाचना गरेको थिएँ । आज पनि, एक अर्थमा, मैले फेरि क्षमायाचना गर्नुपर्छ, यद्यपि, तलबमान र कार्य मापदण्डहरू व्यवस्थित गर्ने काम धेरै अगाडि बढिसकेको छ । अर्को महिनाको मध्यतिरबाट हाम्रो मन्त्रालयमा मात्र नभई अर्थतन्त्रका सबै शाखाहरूका विभिन्न प्रतिष्ठानहरूमा यसको परीक्षण (Pilot tests) सुरु हुनेछ ।

हामीले पूरै देशमा सीपको स्तरअनुसार एउटै तलबमान र अझ बढी न्यायोचित पारिश्रमिक दिने विधिहरू सम्पन्न गर्न सक्नेछौँ । तर, हामीले एउटा यस्तो कुरामा जोड दिनुपर्छ जसमा अझै अन्योल छ । नयाँ तलबमान र सोहीअनुसार लागू गरिने कार्य मापदण्डहरूको अर्थ अनिवार्य रूपमा तलब वृद्धि भन्ने होइन, यो त्यसभन्दा निकै फरक कुरा हो ।

यो व्यवस्था पहिलोपटक लागू गरिएको खानी क्षेत्रमा - केही खानीहरूमा मात्र - अपेक्षाकृत न्यून पारिश्रमिकका कारण, कार्य मापदण्ड र तलबमानले त्यहाँका साथीहरूको पारिश्रमिकमा उल्लेख्य वृद्धि ल्याएको थियो । तर, सबै शाखामा यो समान रूपमा हुनेछैन ।

अहिले श्रमिकका केही यस्ता समूहहरू छन् जसलाई हालको पर्याप्त मानिएको स्तरअनुसार नै भुक्तानी भइरहेको छ । केही अरू यस्ता पनि छन् जसले त्यो स्तरभन्दा बढी पाइरहेका छन् ।

हामीले यो पनि स्पष्ट पारेका छौँ कि ती सबै श्रमिकहरू, जसको औसत पारिश्रमिक तोकिएको नयाँ औसत तलबभन्दा बढी छ, उनीहरूले पाइरहेकै पूर्ण तलब पाइरहनेछन् तर त्यसलाई दुई भागमा विभाजन गरिनेछ : एउटा उनको वास्तविक कामअनुसारको भाग र अर्को हालको तलबलाई प्रतिबिम्बित गर्ने अतिरिक्त बचत (Surplus) भाग । पुँजीवादी प्रक्रियाको विकास र त्यससँगैका अराजक उत्पादन सम्बन्धहरूका दौरान विभिन्न परिस्थितिमा वर्षौं लगाएर यो उच्च तलब आर्जन गरेका ती साथीहरूको पारिवारिक बजेटमा असर नपरोस् भनेर यसो गरिएको हो ।

यद्यपि, उत्पादनका ती शाखाहरूमा प्रवेश गर्ने सबै नयाँ श्रमिकहरू नयाँ तलबमानअन्तर्गत रहनेछन् र सो तलबमानअनुसार तलब वृद्धि मापन गरिने मुख्य बुँदाहरूमध्ये एक श्रमिकको योग्यता (Qualifications) हुनेछ । यसको अर्थ यो हो कि, ती सबै श्रमिकहरू जसले निश्चित अवधिमा गुणस्तर र परिमाणको मापदण्ड सफलतापूर्वक पूरा गरिरहेका छन् । तर, फरक तलब स्तर भएको नयाँ समूहमा नपरेका कारण स्वत: तलबमानमा माथि उक्लिन सक्दैनन्, उनीहरूले आफ्नो योग्यता बढाउने र उच्च आय समूहमा प्रवेश गर्ने अवसर पाउनेछन् र यसरी आफ्नो तलब वृद्धि गर्न सक्नेछन् ।

त्यसैले, प्रत्येक व्यक्तिको तलब निर्धारण गर्दा उसको व्यक्तिगत योग्यतालाई सधैँ ध्यानमा राखिनेछ ।

यी सबै कुराहरू श्रममन्त्रीद्वारा स्पष्ट पारिनेछन् । यसमा प्रारम्भिक छलफल र स्पष्टीकरणको एउटा पूरै प्रक्रिया हुनेछ । किनकि, यो एक अत्यन्तै जटिल कार्य हो जसमा देशको सम्पूर्ण अर्थतन्त्र जोडिएको छ । तर, नयाँ तलबमानको अर्थ अनिवार्य रूपमा तलब वृद्धि होइन भन्ने कुरा बुझियोस् भन्ने म सुनिश्चित गर्न चाहन्थेँ ।

कतिपय अवस्थामा, निकै कम तलबलाई सच्याउनका लागि यसले वृद्धि ल्याउनेछ; अन्यमा, नयाँ अध्ययनबाट अपनाइएका मापदण्डअनुसार तलब उही रहनेछ । अझ केही अन्यको हकमा पनि तलब उही रहनेछ- तर ती साथीहरूको तलब विभाजित हुनेछ, यद्यपि आधारभूत रकममा भने कुनै कटौती गरिने छैन ।

यसो गर्नुको मुख्य कारण यो हो कि उनले पाइरहेको तलबको एउटा अंश- मानौँ, ऐतिहासिक कारणले गर्दा- उनको आफ्नै हो भन्ने स्पष्ट रूपमा स्थापित होस्, तर त्यो उनको व्यक्तिगत तलब मात्रै हो । जब ती श्रमिकले आफ्नो पद छोड्नेछन्, सो पदको तलब घटेर पुन: मापदण्डअनुसारको निर्धारित आधारभूत तलबमा कायम हुनेछ न कि ती काल्पनिक श्रमिकले पाइरहेको वास्तविक तलबमा... ।

यो अलि लामो र केही पट्यारलाग्दो भाषण टुङ्ग्याउनका लागि म तपाईँहरूलाई, साथीहरू, हामी सबैको - बिना कुनै अपवाद - काँधमा रहेको जिम्मेवारीको सम्झना गराउन चाहन्छु ।

आज हामी यहाँ हाम्रा उत्कृष्ट श्रमिकहरू, अर्थात् अग्रदस्ता श्रमिकहरूलाई अभिवादन गर्न भेला भएका छौँ । हामी विश्वभरबाट हामीलाई भेट्न आउनुभएका श्रमिकका प्रतिनिधिमण्डलहरूलाई पनि अभिवादन गरिरहेका छौँ ।

हामी एउटा प्रदर्शनी हौँ, एउटा यस्तो ऐना हौँ जसमा अमेरिकी महादेशका सम्पूर्ण जनताले आफूलाई हेर्न सक्छन्; त्यसैले हामीले हाम्रा सफलतालाई दिनप्रतिदिन अझ ठुलो बनाउन र हाम्रा विफलताहरूलाई कम गर्न मिहिनेत गर्नुपर्छ ।

हामीले आफ्ना कमजोरीहरू नदेखिऊन् भनेर तिनलाई लुकाउने पुरानो अभ्यासमा फर्कनु हुँदैन । त्यसो गर्नु न त इमानदारी हुनेछ न त क्रान्तिकारी नै । उनीहरूले हाम्रा गल्तीहरूबाट पनि सिक्नेछन् । ल्याटिन अमेरिका र आज आफ्नो स्वतन्त्रताका लागि लडिरहेका एसिया र अफ्रिकाका अन्य देशका साथीहरूले पनि हाम्रा त्रुटिहरूबाट सिक्नेछन् । हामीले हाम्रा गल्तीहरूमध्ये एउटा पनि लुकाउनु हुँदैन- न त विगतका ती विकृतिहरू जसलाई हामीले अहिलेसम्म सुल्झाउन सकेका छैनौं, न त यो समाजवादी वर्तमानमा हामीबाट भएका गल्तीहरू नै ।

हामी खुला हुनुपर्छ किनकि त्यो हाम्रो कर्तव्य हो, जुन यस घडीमा अत्यन्तै उचाइमा पुगेको छ । क्युवाली क्रान्तिले जे गर्छ र भविष्यमा जे गर्नेछ, त्यसका लागि हामी प्रत्येक विश्वका जनताप्रति जिम्मेवार छौँ ।

हाम्रो बाटो सहज छैन; यो खतरा र कठिनाइहरूले भरिएको छ । साम्राज्यवाद बाटोको प्रत्येक मोडमा ढुकेर बसेको छ र हामीमाथि जाइलाग्नका लागि हाम्रो कमजोरीको कुनै क्षण पर्खिरहेको छ । सम्पूर्ण ल्याटिन अमेरिकाका प्रतिक्रियावादीहरू हाम्रा गल्तीहरूको हाम्रो आफ्नै आधिकारिक स्वीकारोक्तिलाई समेत खुसीका साथ प्रकाशित गर्न पर्खिरहेका छन् ।

आधारभूत रूपमा उनीहरू ल्याटिन अमेरिका र सम्पूर्ण विश्वलाई यो देखाउन खोजिरहेका छन् कि यदि हाम्रोजस्तो सानो देश, जहाँ उद्योगहरू छैनन्, जहाँ प्राविधिक विकास छैन, उसले क्रान्ति गर्ने प्रयास गर्छ भने त्यो असफल हुन निश्चित छ । उनीहरूले हाम्रो विकासलाई रोक्नका लागि तथ्याङ्क र चालबाजीहरू प्रयोग गर्छन् - उनीहरूले विध्वंसकारी तथा विभाजनकारीहरू पनि प्रयोग गर्छन् ।

हामीले कमजोरीको एउटा क्षण पनि स्वीकार गर्न सक्दैनौं ।

अहिले त झन् सक्दैनौं, जब हामी प्रत्यक्ष रूपमा हाम्रा पाहुनाहरूको निगरानीमा छौँ न त अन्य कुनै समयमा नै; किनकि हाम्रो देशको जीवनको प्रत्येक मिनेटमा हामी ल्याटिन अमेरिकाका ती सम्पूर्ण जनताको उत्सुक निगरानीमा छौँ, जसले हामीमा मुक्तिको एउटा नयाँ आशा र आफ्ना जञ्जिरहरूबाट छुटकारा पाउने एउटा नयाँ भरोसा देखेका छन् ।

त्यसैले साथीहरू, हामीले रोजेको बाटोका यथार्थहरू देखाऔँ ! उनीहरूलाई देखाऔँ कि हामी कुनै समय लगभग नि:शस्त्र रहेर पनि कुलीनतन्त्रका सशस्त्र बलहरूको सामना गर्ने वीरतापूर्ण कार्य गर्न मात्र सक्षम छैनौं; बरु शत्रुबाट हतियार खोसेर आफ्ना जनसेनाहरू विकास गर्न, युद्धको मैदानमा उनीहरूको सामना गर्न, सम्पूर्ण क्युवाली जनताको चेतनालाई उत्प्रेरित गरी उनीहरूलाई एउटा विशाल अग्रदस्ता सेनामा बदल्न र तानाशाहीलाई ध्वस्त पार्न पनि उत्तिकै सक्षम छौँ !

हामीले यो देखाऔँ कि हामी हाम्रा सम्पूर्ण जनतालाई एकढिक्का बनाउन र हामी सबैलाई थाहा भएको त्यो युद्धघोष तथा चुनौतीको गर्जन गर्न मात्र सक्षम छैनौँ । साथीहरू, हामीले यो पनि देखाऔँ कि साम्राज्यवादी नाकाबन्दीका बिचमा समाजवाद निर्माण गरिरहेको यो लामो, थकाइलाग्दो र भयानक सङ्घर्षबाट हामी विजयी भएर निस्कन सक्षम छौँ ।

तमाम खतराहरू, धम्की र आक्रमणहरू, नाकाबन्दीहरू, तोडफोड, सबै विभाजनकारीहरू र हामीलाई रोक्न खोज्ने ती सबै शक्तिहरूका सामु हामीले आफ्नै इतिहास निर्माण गर्ने हाम्रा जनताको सामर्थ्यलाई पुन: एकपटक प्रमाणित गर्नुपर्छ ।

हामी सबै एकजुट हुनुपर्छ । साथीहरू, हाम्रो विश्वासमा अडिग रहनुपर्छ - आज पहिलेभन्दा अझ बढी दृढ, यद्यपि भोलि जति दृढ हुनुपर्नेछ त्यति नभए पनि- सधैँ भविष्यमा आँखा राखेर र भुइँमा पाइला टेकेर अगाडि बढ्नका लागि, प्रत्येक पाइलामा जे हाम्रो हो त्यसलाई निर्माण गर्दै र चालेका प्रत्येक पाइलाहरू सुनिश्चित गर्दै, ताकि हामीले जितेको, हामीले बनाएको र जे हाम्रो हो, अर्थात् - समाजवाद - त्यसको एक इन्च पनि कहिल्यै नछोडौँ !

देश वा मृत्यु ! [Patria o muerte !]
हामी विजयी हुनेछौँ ! [Venceremos !]

*(मई दिवसका अवसरमा दिइएको विख्यात क्रान्तिकारी चे ग्वेभाराको यो भाषण मननीय र सान्दर्भिक छ । यो भाषण उनले सन् १९६३ को अप्रिल ३० मा दिएका थिए । - दायित्वबोध)*

***स्रोत : Che Guevara Speaks (छनोट गरिएका भाषण र रचनाहरू), प्रकाशन : पाथफाइन्डर, २००५***

# मध्यपूर्व सङ्कट गहिरिँदै



वासिङ्टन, ११ जून (एपी)। मध्यपूर्वमा शत्रुता तीव्र बन्दै जाँदा इरान र संयुक्त राज्य अमेरिकाबिच बिहीबार फेरि हवाई आक्रमण र मिसाइल प्रहार आदान–प्रदान भएको छ। कुवेत र बहराइनसहितका संवेदनशील क्षेत्रमा तनाव फैलिँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई रोकिएका वार्ता भङ्ग गरेको भन्दै 'मूल्य चुकाउनुपर्ने' हास्यास्पद चेतावनी दिएका छन्।

अमेरिकी सेनाले दोस्रो चरणको हवाई आक्रमण सुरु गरेको केही समयपछि इरानले पनि प्रतिक्रियास्वरूप मिसाइल आक्रमण गरेको बताइएको छ। बहराइनमा रहेको अमेरिकी नौसेनाको पाँचौं फ्लीट मुख्यालयलाई लक्षित गरेर तनाव थप चुलिएको छ।

इरानका विभिन्न सहरहरूमा भएका नयाँ हवाई आक्रमण र त्यसको बदलामा भएका प्रतिआक्रमणले शान्ति वार्ताको प्रयास ठप्प भएको सङ्केत देखिएको छ। इरानले हर्मुज जलडमरुमा आफ्नो रणनीतिक पकड कायम राख्ने अडान लिएको छ भने लेबनानमा हिजबुल्लाहमाथि इजरायलको निरन्तर आक्रमणले पनि कूटनीतिक प्रयास कमजोर बनाएको बताइएको छ। सोमबारदेखि इरान र इजरायलबिच समेत प्रत्यक्ष आक्रमण भएको उल्लेख छ।

यसअघि बुधबार इरानबाट मिसाइल प्रहार र अमेरिकी हवाई आक्रमणबिच पहिलो चरणको ठूलो भिडन्त भएको थियो। त्यस क्रममा बहराइन, कुवेत र जोर्डनमा मिसाइल प्रहार गरिएको र अमेरिकी हेलिकप्टर खसालिएको घटनापछि स्थिति झनै तनावपूर्ण बनेको हो।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार बिहीबार बिहान सूर्य उदाउनुअघि इरानमा लक्षित हवाई आक्रमणको दोस्रो चरण सम्पन्न गरिएको हो। उक्त आक्रमणमा सैन्य निगरानी, सञ्चार र हवाई रक्षा प्रणालीलाई निशाना बनाइएको बताइएको छ। अमेरिकी वायुसेना, मरीन र नौसेनाले संयुक्त रूपमा सञ्चालन गरेको आक्रमणको क्षतिबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन।

आक्रमणपछि तेहरान वरपरका क्षेत्र, साथै बन्दर अब्बास र दक्षिणी भूभागमा शक्तिशाली विस्फोटहरू सुनिएको स्थानीय स्रोतहरूले जनाएका छन्।

यसैबिच कुवेतले आफ्नो हवाई क्षेत्र बन्द गरेको छ। देशका अधिकारीहरूका अनुसार लगातार इरानी आक्रमणको जोखिम बढेपछि उडानहरू अन्य विमानस्थलतर्फ मोडिएको छ। कुवेतको हवाई रक्षा प्रणालीले आकाशमा प्रवेश गरेका केही मिसाइललाई रोक्ने प्रयास गरेको पनि बताइएको छ।

हालैका दिनमा कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा प्रत्यक्ष प्रहार भएको र त्यस घटनामा एक जनाको मृत्यु तथा दर्जनौं घाइते भएको विवरण पनि सार्वजनिक भएको छ।

बहराइनमा पनि मिसाइल चेतावनी साइरन बजाइएको छ। अमेरिकी नौसेनाको पाँचौं फ्लीट रहेको यस टापु राज्यमा सम्भावित आक्रमणको जोखिमबारे सुरक्षा सतर्कता उच्च पारिएको छ। कुवेत र बहराइन दुवै देशले आफ्नो हवाई रक्षा प्रणालीलाई पूर्ण तयारी अवस्थामा राखेका छन्।

क्षेत्रीय रूपमा फैलिँदै गएको यो सैन्य तनावले मध्यपूर्वलाई थप गम्भीर सङ्कटतर्फ धकेलिरहेको र कूटनीतिक वार्ताका प्रयासहरू निरन्तर असफल भइरहेका देखिएको छ।

## विश्व सङ्क्षेप

### पाकिस्तानमा पर्यटक बस दुर्घटना

इस्लामाबाद, ११ जून (क्यूएनए)। उत्तरी पाकिस्तानमा पर्यटक बस दुर्घटना हुँदा दस जनाको मृत्यु हुनुका साथै १३ जना घाइते भएको जनाइएको छ।

बसले इस्लामाबाद–मुरी एक्सप्रेसवेमा खाजोट क्षेत्र नजिकै मोडमा नियन्त्रण गुमाएर दुर्घटना भएको उल्लेख गर्दै प्रहरीले विज्ञप्ति जारी गरेको छ। दुर्घटनाको समयमा सडकको किनारामा खस्नुअघि बसमा आगलागीसमेत भएको प्रहरीले पुष्टि गरेको छ।

सबै पीडितहरू एउटै परिवारका रहेको उलेख गर्दै उनीहरू मुल्तान सहरबाट मुरीको यात्रामा गरिरहेका र यात्रुहरूमा अधिकांश बालबालिका रहेको बताइएको छ।

पाकिस्तानी अधिकारीहरूले दुर्घटनाको र कारण पहिचान गर्न अनुसन्धान सुरु गरिरहेको जनाइएका छन्।

### ओमान आक्रमणमा तीन भारतीयको मृत्यु

नयाँदिल्ली, ११ जून (एएफपी)। ओमान तट नजिक संयुक्त राज्य अमेरिकाले प्रहार गरेको व्यापारिक जहाजमा सवार तीन भारतीय नाविकको मृत्यु भएको भारतका जल यातायातमन्त्री सर्वानन्द सोनोवालले पुष्टि गर्नुभएको छ। उक्त घटनाले भारतीय चालक दलको सुरक्षाबारे गम्भीर चिन्ता थपिएको छ।

मन्त्री सोनोवालका अनुसार पलाउको झण्डा बोकेको एमटी सेटेबेलो नामक जहाजमा भएको आक्रमणपछि बेपत्ता भनिएका तीन भारतीय नाविकलाई पछि मृत अवस्थामा फेला पारिएको हो। उहाँले विज्ञप्तिमा उक्त घटनालाई अत्यन्त दुर्भाग्यपूर्ण र पीडादायी बताउँदै मृत्युको औपचारिक पुष्टि गरिएको जानकारी दिनुभयो।

भारतको विदेश मन्त्रालयले बुधबार उक्त जहाजमाथिको अमेरिकी आक्रमणपछि नयाँदिल्लीस्थित एक वरिष्ठ अमेरिकी कूटनीतिज्ञलाई बोलाएर कडा विरोध जनाएको छ। घटनाले कूटनीतिक स्तरमा पनि तनाव उत्पन्न गरेको छ।

यो हप्ता मुख्य रूपमा भारतीय चालक दल रहेका व्यापारिक जहाजहरूमा भएको यो दोस्रो अमेरिकी आक्रमण भएको बताइएको छ। यसअघि जुन ८ मा ओमान अधिकारीहरूले पलाउ झण्डावाहक ट्याङ्कर एमटी मारिभेक्सबाट २४ जना भारतीय नाविकलाई सुरक्षित रूपमा एयरलिफ्ट गरेका थिए।

सो घटनासम्बन्धी तस्बिरहरूमा जहाजको पुल र आवास कक्षबाट बाक्लो कालो धुवाँ निस्किरहेको तथा चालक दलका सदस्यहरूलाई हेलिकप्टरमार्फत उद्धार गरिएको देखिएको थियो।

मन्त्री सोनोवालले सरकारले शोकाकुल परिवारसँग पूर्ण एकता प्रकट गरेको उल्लेख गर्दै कठिन घडीमा भारत सरकार पीडित परिवारसँग दृढ रूपमा उभिएको बताउनुभयो।

उहाँका अनुसार उद्धार गरिएका चालक दलका सदस्यहरूलाई छिटो भारत फर्काउने तयारी भइरहेको छ भने मृतकका पार्थिव शरीरलाई पनि अन्तिम संस्कारका लागि यथाशीघ्र स्वदेश ल्याउन सम्बन्धित निकायलाई निर्देशन दिइएको छ।

घटनाले समुद्री मार्गमा व्यापारिक जहाज र चालक दलको सुरक्षा, विशेषगरी अन्तर्राष्ट्रिय सैन्य तनावबिच, झन् चुनौतीपूर्ण बन्दै गएको सङ्केत गरेको छ।

# विश्वकप उद्घाटनसँगै कैयौं विवाद सतहमा

मेक्सिको सिटी, ११ जून (एएफपी)। उच्च टिकट मूल्य, भिसा विवाद र राजनीतिक संवेदनशीलताबिच मेक्सिको सिटीको ऐतिहासिक एस्टाडियो एजटेकामा दक्षिण अफ्रिका र आयोजक सह–देश मेक्सिकोबिचको खेलसँगै ४८ टोली सहभागी विश्वकपको सुरुआत भएको छ। करिब छ सातासम्म चल्ने यो प्रतियोगिता संयुक्त राज्य अमेरिका, मेक्सिको र क्यानाडाको संयुक्त आयोजनामा भइरहेको हो। प्रतियोगिताको फाइनल जुलाई १९ मा न्युजर्सीमा हुनेछ।

फिफाका अनुसार यो संस्करण इतिहासकै सबैभन्दा ठूलो विश्वकप हो। प्रतियोगिताबाट करिब १३ अर्ब अमेरिकी डलर बराबरको राजस्व उठ्ने अनुमान गरिएको छ। तर, प्रतियोगिता सुरु हुनुअघि नै टिकट मूल्य अत्यधिक भएको भन्दै आलोचना तीव्र बनेको छ भने अमेरिकाको कडा अध्यागमन नीतिका कारण खेलाडी, रेफ्री र समर्थकहरूलाई भिसासम्बन्धी समस्या भएको रिपोर्ट सार्वजनिक भएको छ।

फिफा अध्यक्ष जियानी इन्फान्टिनोले मेक्सिको सिटीमा प्रतियोगिताको उद्घाटन अवसरमा बोल्दै आलोचनालाई अस्वीकार गर्नुभएको छ। उहाँका अनुसार टिकट मूल्यमा विविधता राखिएको र केही खेलका लागि ६० डलरसम्मका सस्तो टिकट उपलब्ध गराइएको छ भने केही प्रिमियम टिकटको मूल्य ३० हजार डलरसम्म पुगेको छ। औसत टिकट मूल्य ५०० डलरभन्दा कम रहेको भन्दै उहाँले यसलाई अमेरिकी खेलकुद घटनामध्ये तुलनात्मक रूपमा सुलभ भएको दाबी गर्नुभयो।

भिसा विवादबारे टिप्पणी गर्दै इन्फान्टिनोले सोमाली रेफ्री ओमार आर्टनको घटनालाई 'दुर्भाग्यपूर्ण' भन्नुभएको छ। सुरक्षा चिन्ताका कारण उनलाई संयुक्त राज्य अमेरिकामा प्रवेश अनुमति नदिइएको र उनी प्रतियोगितामा सहभागी नहुने फिफाले पुष्टि गरेको छ। अमेरिकी विदेश मन्त्रालयले उनलाई 'आतङ्कवादी सङ्गठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको' आरोप लगाएको थियो।

इन्फान्टिनोले भिसा तथा सुरक्षासम्बन्धी सबै परिस्थितिमा फिफाको पूर्ण नियन्त्रण नहुने स्पष्ट पार्दै ती घटनालाई लिएर तत्काल आक्रोश व्यक्त गर्नु सधैं समाधान नभएको बताउनुभयो।

उहाँले इरानको सहभागितालाई लिएर उठेका प्रश्नबारे पनि टिप्पणी गर्दै विभिन्न राजनीतिक तनावका बाबजुद इरानले विश्वकप खेल्न पाउनु फिफाका लागि उपलब्धि भएको उल्लेख गर्नुभयो। हाल इरान र अमेरिका बिचको सैन्य तनाव जारी रहे पनि प्रतियोगितामा सहभागिता सुनिश्चित गर्न सम्भव भएको उहाँको भनाइ थियो।

फिफा प्रमुखको अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको सम्बन्ध पनि चर्चामा रहेको छ। इन्फान्टिनोले ट्रम्पको समर्थनबिना अमेरिकामा विश्वकप आयोजना गर्न कठिन हुने धारणा राख्नुभएको छ। ट्रम्पले भने प्रतियोगिताका केही खेलमा सहभागी हुने योजना रहेको बताएका छन्।

खेल मैदानतर्फ भने उद्घाटन खेलमा ८५ हजार दर्शक अट्ने एस्टाडियो एजटेकामा दक्षिण अफ्रिकाले घरेलु टोली मेक्सिकोको सामना गर्दैछ। दक्षिण अफ्रिकाका प्रशिक्षक ह्युगो ब्रुसले घरेलु समर्थकहरूको अत्यधिक आवाजलाई चुनौतीका रूपमा लिएर खेलमा ध्यान केन्द्रित गर्न आफ्ना खेलाडीहरूलाई आग्रह गर्नुभएको छ।

मेक्सिकोले अहिलेसम्म सात पटक विश्वकपको उद्घाटन खेल खेले पनि जित निकाल्न सकेको छैन। प्रशिक्षक जेभियर एगुइरेले यस पटक त्यो तथ्याङ्क तोड्ने लक्ष्य रहेको बताउँदै खेलाडीलाई विशेष प्रेरणा दिइएको उल्लेख गर्नुभयो।



उद्घाटन दिनको दोस्रो खेल दक्षिण कोरिया र चेक गणतन्त्रबिच गुआडालाजारामा हुनेछ। प्रतियोगिताका प्रमुख दाबेदारका रूपमा स्पेन, फ्रान्स र इङ्गल्यान्डलाई हेरिएको छ भने वर्तमान च्याम्पियन अर्जेन्टिना आफ्नो कप्तान लियोनेल मेस्सीको नेतृत्वमा उपाधि रक्षा गर्ने लक्ष्यमा मैदानमा उत्रिनेछ।

# इरानलाई २२ देशको चेतावनी

सिड्नी, ११ जून (एएफपी)। संयुक्त राज्य अमेरिका, बेलायतसहित युरोपेली राष्ट्रहरू र अस्ट्रेलियालगायत २२ देशले इरानमाथि कडा दबाब सिर्जना गर्दै आफ्ना भूभागमा हुने भनिएका आक्रमण, अपहरण र डरत्रासका गतिविधि तत्काल रोक्न संयुक्त चेतावनी दिएका छन्। ती देशहरूले इरानसँग सम्बद्ध सुरक्षा तथा गुप्तचर निकायहरू विदेशी भूमिमा असन्तुष्ट, पत्रकार तथा यहुदी र इजरायली समुदायलाई लक्षित गर्ने गतिविधिमा संलग्न रहेको आरोप लगाएका छन्।

बिहीबार जारी गरिएको संयुक्त विज्ञप्तिमा सहभागी देशहरूले आफ्नो भूमिमा मानिसहरूलाई मार्ने, अपहरण गर्ने, उत्पीडन गर्ने, धम्क्याउने वा अन्य प्रकारका आक्रमण गर्ने प्रयासले राष्ट्रिय सार्वभौमिकता र अन्तर्राष्ट्रिय मान्यतामाथि प्रत्यक्ष चुनौती खडा गरेको बताएका छन्। उनीहरूले यस्ता गतिविधि तत्काल अन्त्य गर्न इरानलाई आग्रह गरेका छन्।

विज्ञप्तिमा इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) अन्तर्गतका गुप्तचर सेवाहरू तथा यसको विदेशी अपरेसन शाखा कुद्स फोर्सले विभिन्न देशमा रहेका इरानी असन्तुष्ट, पत्रकार तथा यहुदी र इजरायली समुदायसँग सम्बन्धित व्यक्ति र संस्थालाई लक्षित गर्दै घातक षड्यन्त्र तथा दुर्भावनापूर्ण गतिविधि सञ्चालन गरेको आरोप लगाइएको छ।

संयुक्त वक्तव्यमा हस्ताक्षरकर्ताहरूले आफ्ना नागरिक र देशलाई यस्ता खतराबाट सुरक्षित राख्ने विषयमा आफूहरू एकजुट रहेको उल्लेख गर्दै इरानले अब यस्ता कार्यहरू पूर्ण रूपमा बन्द गर्नुपर्ने बताएका छन्। उनीहरूका अनुसार अन्तर्राष्ट्रिय सुरक्षा र कानुनी व्यवस्थालाई कमजोर बनाउने कुनै पनि गतिविधि स्वीकार्य हुन सक्दैन।

ती देशहरूले इरानसँग सम्बन्धित मानिएको समूह 'हरकत अशाब अल–यामिन अल–इस्लामिया' मार्फत युरोपका विभिन्न स्थानमा यहुदी समुदाय, इरानी पत्रकार तथा अमेरिकी पत्रकारहरूलाई लक्षित गरी आक्रमणको अभियान सञ्चालन गरिएको दाबी पनि गरेका छन्। उक्त अभियानको पछाडि इरानको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहेको उनीहरूको आरोप छ।

यसैबिच, कम परिचित उक्त समूहले लन्डनको गोल्डर्स ग्रीन क्षेत्रमा रहेका सभास्थल र यहुदी समुदायसँग सम्बन्धित विभिन्न केन्द्रहरूमा हालै भएका शृङ्खलाबद्ध आगजनी घटनाको जिम्मेवारी लिएको बताइएको छ। गोल्डर्स ग्रीन लन्डनको ठूलो यहुदी समुदाय बसोबास गर्ने क्षेत्रका रूपमा परिचित छ।

इरानले भने यस्ता आरोपबारे तत्काल कुनै प्रतिक्रिया सार्वजनिक गरेको छैन। तर, पश्चिमी मुलुकहरू र इरानबिच सुरक्षा, क्षेत्रीय प्रभाव तथा गुप्त गतिविधिसम्बन्धी विवाद पछिल्ला वर्षहरूमा लगातार चर्किँदै आएको छ। पछिल्लो संयुक्त चेतावनीलाई पनि इरानमाथि बढ्दो कूटनीतिक दबाबका रूपमा हेरिएको छ।

# नेपाललाई 'बङ्गलादेश बनाउने' यस्तो थियो योजना

लोकेन्द्र विश्वकर्मा

जेन-जी आन्दोलन भएको नौ महिना बितिसकेको छ । यस अवधिमा अन्तरिम चुनावी सरकार गठन, आन्दोलनमा भएका घटनाको छानबिन गर्न गठित जाँचबुझ आयोगको प्रतिवेदन सरकारलाई हस्तान्तरण, चुनावपछि रास्वपाको एकमना सरकार गठनजस्ता अनेकौं राजनीतिक घटना र फेरबदल देखिए । तर, एउटा प्रश्न अझै अनुत्तरित नै छ, जेन-जीले गरेको शान्तिपूर्ण आन्दोलन एकाएक ध्वंसात्मक र हिंसात्मक हुनुमा पूर्वतयारी र योजनाबद्ध खेल थियो वा तत्कालको आक्रोश ?

गुप्तचर निकाय राष्ट्रिय अनुसन्धान विभागको गोप्य प्रतिवेदनले भने आन्दोलन हिंसात्मक बन्नुको पछाडि स्वार्थ समूहको पूर्वयोजना रहेको खुलाएको छ । प्रतिवेदनका अनुसार आन्दोलन हिंसात्मक हुनुमा कुनै आकस्मिकता नभई अभियन्ता, सामाजिक सञ्जालका इन्फ्लुएन्सरलगायतले बुनेको पूर्वयोजना कारक थियो । उनीहरू आन्दोलनलाई ध्वंसात्मक बनाउन सङ्गठित रूपमा लागेको उल्लेख छ ।

नेपालन्युजले प्राप्त गरेको अनुसन्धान विभागको गोप्य प्रतिवेदनअनुसार अभियन्ताहरूको बैठक बसेर नेपालमा बङ्गलादेशमा जस्तै आन्दोलन गर्नुपर्ने र प्रमुख नेताहरूलाई उताझैं लखेट्नुपर्ने निष्कर्ष नै निकालिएको थियो ।

'२०२४ को जुलाई र अगस्टमा बङ्गलादेशमा भएको विद्यार्थी आन्दोलनपछि नेपालमा यही प्रकारको आन्दोलन गर्नुपर्ने र सत्ता परिवर्तन गर्नुपर्ने' भन्दै विभिन्न सङ्घसंस्थामा आबद्ध अभियन्ताहरू सङ्गठित हुन थालेका थिए । अभियन्ता हेमराज थापा, डा. निकोलस भुसाल, सोम शर्मा, बब्लु गुप्तालगायत व्यक्तिहरूले २०८१ सालको साउन-भदौदेखि सङ्गठित रूपमा तयारी गरेको विभागको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका अनुसार उनीहरूले युवाहरूलाई सङ्गठित गर्न र आमनागरिकलाई तत्कालीन सरकारप्रति नकारात्मक बनाउन भ्रष्टाचार र सुशासनको विषयलाई अतिरञ्जित तरिकाले प्रस्तुत गर्ने नीति अपनाएका थिए ।

आन्दोलनपछि २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचनमा बाजुरा निर्वाचन क्षेत्र नम्बर १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का तर्फबाट उम्मेदवार बनेका थापा पराजित भएका थिए । शर्मा र गुप्ता भने रास्वपाकै निर्वाचित सांसद छन् । शर्मा बाग्लुङ २ र गुप्ता सिरहा १ बाट निर्वाचित भएका हुन् । हन्ड्रेड प्लस ग्रुपका बब्लु गुप्ता आन्दोलनपछि सुशीला कार्की नेतृत्वमा गठित अन्तरिम चुनावी सरकारमा युवा तथा खेलकुदमन्त्रीसमेत भएका थिए ।

प्रतिवेदनअनुसार २२ भदौ २०८१ मा बागबजारस्थित हार्दिक होटलमा हन्ड्रेड प्लस ग्रुपका गुप्ता, वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, अधिवक्ता स्वागत नेपाललगायतको बैठकले 'भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न सरकार असफल भएकाले सक्षम युवाहरूलाई नेतृत्वमा अवसर प्रदान गर्न पनि प्रमुख नेताहरूलाई बङ्गलादेशमा झैं लखेट्नुपर्ने' निष्कर्ष निकालेको थियो । हार्दिक होटलको बैठकमा नेपालमा प्रत्येक १० वर्षमा एउटा ठूलो आन्दोलन भएको नजिर देखाउँदै अब तेस्रो जनआन्दोलन गर्ने बेला भएको निर्णय पनि गरिएको थियो ।

उक्त बैठकपछि नै अभियन्ता, नागरिक समाजको नामबाट क्रियाशील केही सङ्घसंस्था, समूह र व्यक्तिहरूमा पनि बङ्गलादेशमा जस्तै गरी शासनसत्ता परिवर्तन गर्न अत्यावश्यक रहेको बुझाइ विकसित भएको ठहर विभागको प्रतिवेदनमा छ ।

वरिष्ठ अधिवक्ता न्यौपाने हार्दिक होटलका विभिन्न कार्यक्रममा गइरहने भए पनि नेतालाई लखेट्नुपर्छ भन्ने निर्णय प्रक्रियामा आफू सामेल नभएको बताउँछन् । उनी भन्छन्, "म हार्दिक होटलमा गइरहन्छु, त्यहाँ विभिन्न कार्यक्रम भइरहन्छन् । मिति थाहा छैन, धेरै पहिला भएको एउटा कार्यक्रममा बोल्न गएको थिएँ । त्यहाँ तराईतिरका मान्छेहरूको उपस्थिति धेरै थियो । मैले भ्रष्टाचारविरुद्ध, सुशासनका लागि नेताविरुद्ध बोलेको हुन सक्छु । उपस्थितिमा मेरो नाम राखिएको हुन सक्छ । तर, म निर्णय प्रक्रियामा सामेल छैन ।"

जेन-जी आन्दोलनको वातावरण भने आफूहरूले नै तयार पारेको उनको दाबी छ । उनी थप्छन्, "हामीले जनतालाई जागरुक बनायौँ, आन्दोलनको पृष्ठभूमि तयार पार्यौं । तर, आन्दोलन अर्कैले उडायो ।" न्यौपाने राजतन्त्र फर्काउने अभियानमा लामो समयदेखि सक्रिय छन् ।

विभागको १३ बुँदे प्रतिवेदन सुशीला कार्की नेतृत्वकै सरकार छँदा गृह मन्त्रालयमा बुझाइएको थियो भने गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोग र मानव अधिकार आयोगमा पनि पुगेको छ । अनुसन्धान विभागका एक उच्च अधिकारी भन्छन्, "हामीले विभिन्न ठाउँमा रिपोर्ट गरेका थियौं । पछि जेन-जी घटनाको जाँचबुझ गर्न गठन गरिएको आयोगमा पनि बुझायौं । रिपोर्ट मानव अधिकार आयोगमा पनि होला ।"

विभागको प्रतिवेदनअनुसार, हेमराज थापा, निकोलस भुसाल, सोम शर्मा, बब्लु गुप्ता, डा. नवराज भुसाल, पूर्वप्रधानन्यायाधीश सुशीला कार्की, हामी नेपालका संस्थापक सुधन गुरुङदेखि लौरो अभियानका संस्थापक अध्यक्ष अनन्तराज घिमिरे, राजावादी अभियानमा सक्रिय अधिवक्ता स्वागत नेपाल, रमा सिंह, बालकृष्ण न्यौपाने, केशरबहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाईं, रुटिन अफ नेपाल बन्दका सञ्चालक भिक्टर पौडेल, राइड सेयरिङ कम्पनी पठाओका सञ्चालक असिममान सिंह बस्न्यातसम्मका व्यक्तिहरू आन्दोलनको पूर्वयोजनामा जोडिएका देखिन्छन् ।

प्रतिवेदनले निकोलस भुसालको समूहले 'ग्लोबल युथ पार्लियामेन्ट' को नामबाट १६५ निर्वाचन क्षेत्रमा १६५ युवा सांसदको नारा दिएर युवाहरूलाई सङ्गठित गर्दै काठमाडौं उपत्यकासहित मोफसलका जिल्लामा सरकारविरोधी प्रदर्शनलाई बढावा दिएको थियो । यस्तै, १८ असोज २०८१ मा जमलस्थित राष्ट्रिय नाचघरमा 'नेसनल युथ पार्लियामेन्ट' को नामबाट १९०/२०० जनाको उपस्थितिमा युवा भेला आयोजना गरेर आन्दोलनको मार्गचित्रसमेत प्रस्तुत गरिएको थियो । त्यस कार्यक्रममा नवराज भुसाल, पूर्वप्रधानन्यायाधीश कार्की, हामी नेपालका संस्थापक गुरुङलगायतको सहभागिता रहेको प्रतिवेदनमा उल्लेख छ ।

निकोलस भुसाललगायत व्यक्तिहरूले सामाजिक सञ्जालमार्फत अनर्गल प्रचारबाजी गर्ने, नेताहरूलाई देश निकाला गर्नुपर्नेजस्ता भड्काउपूर्ण अभिव्यक्ति सम्प्रेषण गरेर जनतामा वितृष्णा फैलाइरहेका थिए ।

बैठक बसेर 'प्रमुख नेताहरूलाई बङ्गलादेशमा झैं लखेट्नुपर्ने' निष्कर्ष निकाल्दै विध्वंसात्मक आन्दोलनको पूर्वयोजना बुनेका बब्लु गुप्ता र सोम शर्मालाई यसबारे बुझ्न हामीले फोन र इमेल गरे पनि उनीहरू सम्पर्कमा आएनन् । यस्तै, सुधन गुरुङ र उनका सहयोगी कैलाश पासवानलाई सम्पर्क गर्दासमेत उनीहरूबाट कुनै प्रतिक्रिया पाउन सकिएन ।

प्रतिवेदनका अनुसार भ्रष्टाचार, सुशासन, सहकारीपीडितको सवाल उठाउँदै अभियन्ताको नाममा सक्रिय रहेका विभिन्न समूहसँग समेत कार्यगत एकता गरी आन्दोलनजन्य गतिविधिलाई थप संस्थागत गरिएको देखिन्छ । यस क्रममा मङ्सिर २०८१ देखि अनन्तराम घिमिरे संस्थापक अध्यक्ष रहेको लौरो अभियानको नामबाट संयुक्त राष्ट्रवादी नागरिक आन्दोलनले उपत्यकाकेन्द्रित प्रदर्शन थालनी गरेको थियो । जसमा रमा सिंह, बालकृष्ण न्यौपाने, स्वागत नेपाल, केशरबहादुर विष्ट, कमल थापा, दुर्गा प्रसाईंलगायत हिन्दू राष्ट्रसहितको राजतन्त्र पक्षधर व्यक्तिहरूको पनि प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गरेका प्रतिवेदनले खुलाएको छ ।

सरकारविरुद्ध आन्दोलनको वातावरण तयार पार्न 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान' का संयोजक प्रसाईं बढी सक्रिय देखिएका थिए । सरकार, नेताहरूबारे निरन्तर अफवाहमिश्रित टीकाटिप्पणी गरेर उनी सरकार र पुराना दलहरूविरोधी माहोल बनाउन लागिपरेका थिए । उनले व्यापारीहरू र बैङ्क तथा वित्तीय संस्थालाई पनि घृणास्पद अभिव्यक्ति दिने गरेका थिए । आन्दोलनको क्रममा नेताहरूका घरदेखि व्यावसायिक प्रतिष्ठानसम्म तोडफोड, आगजनी र लुटपाटमा परेका थिए ।

प्रतिवेदनमा प्रसाईंको उक्साहटपूर्ण भूमिकाबारे लेखिएको छ, 'प्रसाईंले समयसमयमा सहकारी पीडित, उखु किसान, मिटरब्याज पीडित, वैदेशिक रोजगारीको विषयप्रति सरकार सजग नभएको कारण सर्वसाधारणले दुःख पाएको, देशको अर्थतन्त्र मारवाडी व्यवसायीको कारण ध्वस्त भएको जनाउँदै खराब व्यवसायी भनी विभिन्न व्यक्तिहरूको फोटो तथा भिडिओ सार्वजनिक गर्नेजस्ता भड्काउपूर्ण गतिविधिमार्फत प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सरकारविरुद्ध आन्दोलित हुन उक्साएका ।'

प्रसाईं, स्वागत नेपाललगायतको समूहले १५ चैत २०८१ मा काठमाडौंको तीनकुनेमा भएको प्रदर्शनलाई हिंसात्मक बनाएको थियो । यही घटनालाई लिएर उनीहरूलाई प्रहरीले पक्राउ गरेको थियो । विभागको प्रतिवेदनले जेन-जी आन्दोलनलाई ध्वंसात्मक बनाउन उनीहरूसमेतले पूर्वतयारीमा भूमिका खेलेको औंल्याएको हो ।

विभिन्न पक्षका आन्दोलनसम्बन्धी गतिविधिहरू जारी रहेकै बेला नेपाल विद्युत् प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङलाई पदबाट हटाइएपछि अभियन्तालगायतको समूह झन् सक्रिय भएको थियो । उनीहरूले काठमाडौं उपत्यकासहित मोफसलका विभिन्न जिल्लामा एकल तथा सामूहिक रूपमा प्रदर्शन बढाउँदै लगेका थिए । युवाहरूलाई आन्दोलनमा सहभागी हुन, राज्यप्रतिको असन्तुष्टिलाई सडकमै ओर्लिएर व्यक्त गर्न दुष्प्रेरित गर्ने काम भएको र सडक आन्दोलनबाट मात्रै माग सम्बोधन हुन्छ भन्ने भाष्य स्थापित गराउने प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ ।

जेन-जी आन्दोलनमा भएको विध्वंस संस्थागत रूपमै भएको र आन्दोलनमा रास्वपा, तत्कालीन नेकपा (माओवादी केन्द्र), राष्ट्र राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियान, राप्रपा, राप्रपा नेपाललगायतले विज्ञप्ति नै जारी गरेर समर्थन जनाएको प्रतिवेदनमा प्रस्ट शब्दमा लेखिएको छ । '... समर्थन जनाएको उक्त भदौ २३ गते भएको प्रदर्शनको क्रममा उल्लिखित दल, समूहका नेता-कार्यकर्ताहरूले घुसपैठ गरी जेन-जी युवाहरूलाई आगजनी, तोडफोडजस्ता ध्वंसात्मक गतिविधि गर्न दुष्प्रेरित गरेका,' प्रतिवेदनले किटान गरेको छ ।

विभागको प्रतिवेदनले हन्ड्रेड प्लस ग्रुपका गुप्ता, रुटिन अफ नेपाल बन्दका सञ्चालक पौडेल र राइड सेयरिङ कम्पनी पठाओका तत्कालीन निर्देशक बस्न्यातलगायतले आन्दोलनलाई ध्वंसात्मक बनाउन सहयोगी भूमिका खेलेको उल्लेख गरेको छ । उनीहरूले सामाजिक सञ्जालमार्फत जेन-जी आन्दोलनमा सक्रिय सहभागिता जनाउन दुईचार दिनदेखि नै आफ्ना समर्थक तथा शुभचिन्तकलाई अपिल गरेको अवस्थामा आन्दोलन ध्वंसात्मक हुन थप मद्दत पुगेको प्रतिवेदनमा लेखिएको छ ।

विभागको यस रिपोर्टलाई जेन-जी आन्दोलनको घटनाबारे मानव अधिकार आयोगको अध्ययन प्रतिवेदनले पनि उल्लेख गरेको छ । आयोगले सार्वजनिक गरेको प्रतिवेदनको प्रकरण १६ मा भनिएको छ, "भदौ २४ गतेको घटना २३ गतेको घटनाबाट प्रभावित आक्रोशित व्यक्तिको कारणले सुरुआत भए पनि २४ गतेको घटनाको प्रकृति अवस्था एकै समयमा एकै उद्देश्य लिई देशैभर भएको देखिँदा यी घटना अगाडिदेखि नै गरिएको पूर्वयोजनाअनुसार सङ्गठित रूपमा गरिएको आपराधिक कार्य हुन् भन्नेमा अनुसन्धान प्रतिवेदनको रायलाई अन्यथा भनिरहनुपर्ने अवस्था देखिएन ।"

आयोगको प्रतिवेदनअनुसार प्रदर्शनका आह्वानकर्तालगायत केही व्यक्तिले 'वेकअप नेपाल' नामक टिकटक अकाउन्टमार्फत जेन-जी प्रदर्शनको एकदिनअघि पेट्रोल बम (मोलोटभ ककटेल) लिएर आउन आह्वान गरेका थिए । उनीहरूले सामाजिक सञ्जालमा 'भोलिको प्रदर्शनमा जे पनि हुन सक्छ, त्यसैले मोलोटभ ककटेल तयार राख्नू' भन्दै आगजनीका लागि उक्साएको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, संसद् भवन र सिंहदरबारलगायत सार्वजनिक संरचनाहरू जलाइएको एआईबाट निर्मित भ्रमपूर्ण फोटो र भिडिओहरू आन्दोलन हुनुअगावै सामाजिक सञ्जालमा फैलाइएको समेत आयोगको प्रतिवेदनमा छ । आयोगको प्रतिवेदनले आन्दोलनलाई एकातिर शान्तिपूर्ण देखाउने र अर्कातिर पूर्वयोजनाबद्ध रूपमा ध्वंसात्मक बनाउने रणनीति अपनाइएको तथ्य उजागर गरेको हो । प्रतिवेदनको तथ्य विश्लेषण खण्डको बुँदा नम्बर ३ मा भनिएको छ, "२०८२ भदौ २३ गतेको विरोध प्रदर्शनलाई शान्तिपूर्ण रूपमा गर्ने भनी एउटा समूह र अनलाइनमा विध्वंसात्मक बनाउने भन्ने अर्को समूह गरी दुई वटा समूहले तयारी गरिरहेको भन्ने सञ्चार माध्यम र छलफल बयानको क्रममा खुल्न र पुष्टि हुन आएको देखिन्छ । जसबाट उक्त प्रदर्शनलाई ध्वंसात्मक बनाउने योजनामा अर्को समूह पनि रहेको देखियो ।"

जेन-जी आन्दोलन सम्बन्धमा मानव अधिकार आयोगको अध्ययन टोलीकी संयोजक एवम् आयोगकी सदस्य लिली थापाले प्रदर्शनका क्रममा बालबालिकालाई मानव-ढाल बनाउन, बम बनाउन सिकाउन र सुरक्षाकर्मीलाई आक्रमण गर्न विभिन्न व्यक्ति र अभियन्ताले निर्देशन दिएको पाइएको बताएकी छन् ।

उनका अनुसार आयोग टोलीले अध्ययनको क्रममा करिब ३५ वटा प्रामाणिक भिडिओ हेर्दा उच्चपदस्थ व्यक्ति र अभियन्ताहरूले नै हिंसात्मक गतिविधिमा उक्साएको प्रमाण भेटिएको छ । २३ जेठमा नेपाली काङ्ग्रेसको ललितपुर सानेपास्थित केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा उनले भनिन्, "भिडिओहरूमा अहिले उच्च पदमा रहेका कतिपय व्यक्तिहरूले 'यसरी बम बनाऊ, यसरी आऊ, पानीको बोतल र झोला बोकेर आऊ, विद्यार्थीलाई अगाडि राख, ह्युमन शिल्ड बनाऊ, आँखामा यो लगाऊ' जस्ता कुरा भनेको प्रमाण हामीसँग छ । यस्तो तथ्य फेला परेपछि हामीले उहाँहरूलाई थप अनुसन्धानमा नलैजाउ भन्न सक्ने अवस्था नै थिएन ।"

आयोगको प्रतिवेदनले सुधन गुरुङ, बब्लु गुप्ता, हेमराज थापा, सोम शर्मा, दुर्गा प्रसाईं, भिक्टर पौडेल, असिममानसिंह बस्न्यातलगायतलाई अनुसन्धान गरेर दोषी देखिए कारबाही गर्न भनेको छ ।

अनुसन्धान विभागको प्रतिवेदन मानव अधिकार आयोगलाई पनि बुझाइएको थियो । प्रतिवेदनबारे सोध्दा विभागका प्रमुख टेकेन्द्र कार्की आफू जेन-जी आन्दोलनपछि प्रमुख भएर आएकाले यस विषयमा थाहा नभएको बताउँछन् । त्यसबारे पहिलेका अनुसन्धान निर्देशकलाई जानकारी हुने उनको भनाइ छ । उनी भन्छन्, "मानव अधिकार आयोग, कार्की आयोगलाई दिइएको दस्ताबेजलगायत रिपोर्टहरू मभन्दा पहिलेका निर्देशकहरूले दिनुभएको हो । मलाई लाग्छ, उहाँहरूले आयोगका माननीय सदस्यहरूसँग वान टु वान भेटघाटमा दिनुभएको हो । सङ्गठनमा त्यसको कुनै दस्ताबेज रहँदैन ।"

### हिंसात्मक गतिविधिमा सुधन समूह

अनुसन्धान विभागको प्रतिवेदनले सुधन गुरुङ समूहलाई पनि आन्दोलनको विध्वंसमा संलग्न भएको देखाएको छ । उनी आन्दोलनको मार्गचित्र प्रस्तुत गर्ने कार्यक्रममा पनि सहभागी भएका थिए ।

उनी आन्दोलनपछि भएको चुनावमा गोरखा १ बाट सांसद बन्दै गृहमन्त्रीसमेत भएका थिए । विवादास्पद व्यापारी दीपक भट्टको कम्पनीमा सेयर लगानी प्रकरण र सम्पत्तिको स्रोतबारे प्रश्न उठेपछि ९ वैशाखमा गृहमन्त्रीबाट राजीनामा दिएका थिए । उनको सम्पत्तिको स्रोतबारे छानबिन गर्न गठित समितिले प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाइसकेको छ ।

अनुसन्धान विभागको प्रतिवेदनले आन्दोलन ध्वंसात्मक बनाउन सक्रिय भएका किटान गरेका बब्लु गुप्ता, सोम शर्मा जेन-जी आन्दोलनको बेला सुधनकै समूहमा सक्रिय थिए ।

मानव अधिकार आयोगको अध्ययन प्रतिवेदनअनुसार सुरुमा शान्तिपूर्ण रहेको आन्दोलनमा 'हामी नेपाल' संस्थाका अध्यक्ष सुधनलगायतका व्यक्तिहरूले भिडलाई उक्साएका थिए । प्रतिवेदनको 'तथ्य र विश्लेषण' खण्डको प्रकरण ६ र ७ अनुसार २३ भदौ २०८२ मा नयाँ बानेश्वरस्थित एभरेस्ट होटलअगाडि २०/२५ हजार जनाको भिड जम्मा भएपछि करिब १२ बजेतिर भिडको नेतृत्व सुधनले सम्हालेका थिए । त्यो भिडमा 'टीओबी' लेखिएको टिसर्ट लगाएका, हात तथा शरीरमा टीओबी ट्याटु खोपेका युवाहरू पनि थिए, जसले भिडलाई प्रहरीको ब्यारिकेड तोडेर निषेधित क्षेत्रमा प्रवेश गर्न उत्तेजित बनाएका थिए । त्यसपछि प्रहरीसँग झडप र हुलदङ्गा भयो, अनि भिड अनियन्त्रित बन्यो ।

आयोगको प्रतिवेदनले आन्दोलनलाई हिंसात्मक बनाउन पूर्वतयारी गरिएको सङ्केत गर्छ । शान्तिपूर्ण भनिएको आन्दोलनमा टेन्टहरू टाँगिनु, नकावधारी स्वयंसेवकहरू देखिनु र तीन वटा एम्बुलेन्स तैनाथ गरिनुलाई आयोगले शङ्कास्पद ठानेको हो । यी सम्पूर्ण प्रबन्ध सुधन समूहले नै गरेको प्रतिवेदनमा उल्लेख छ ।

भिडलाई उत्तेजित पार्न नेतृत्वदायी भूमिका खेलेको उल्लेख गरे पनि आयोगले सुधनलाई सिधै कारबाहीको सिफारिस भने गरेको छैन । प्रतिवेदनको 'सिफारिस खण्ड' को बुँदा ९ र १० मा गुरुङसहितका व्यक्तिहरूविरुद्ध थप अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ ।

*- 'नेपाल न्यूज' बाट*



सन् २०२४ मा बङ्गलादेशमा सरकारविरुद्ध युवाले गरेको प्रदर्शन ।

# पश्चिम नवलपरासीका किसान रोपाइँमा व्यस्त

पाल्हीनन्दन (नवलपरासी), २८ जेठ । पश्चिम नवलपरासीका किसानले धान रोपाइँ सुरु गरेका छन् । गण्डक नहरमा पानी उपलब्ध भएपछि नवलपरासीका रामग्राम नगरपालिका सहित सरावल र पाल्हीनन्दन गाउँपालिकाका किसान यतिखेर खेतमा धान रोप्न व्यस्त भएका हुन् ।

"नहरमा पानी आएपछि धानखेती गर्न रासायनिक मल अभाव भए पनि कुरेर बस्न सकिएन, धान रोप्न थाल्यौँ, पाल्हीनन्दन -४ पाल्हीमा खेत रोपाइँ गरिरहेको किसान रामसिंह कुर्मीले भन्नुभयो", उहाँका अनुसार "कतिपय किसानको बीउ छोटो भए पनि नहरमा पानी आएपछि रोपाइँ सुरु गरेका छन् । नहरको पानीका भरमा रोपाइँ गर्नुपर्ने अवस्थाका कारण यस वर्ष नहरको पानी समयमा नै आएकाले रोपाइँ गर्न थालेका हौँ । खेतमा हाल्ने मल छैन, काम गर्ने जनशक्ति पनि छैनन्, यस्तो अवस्थामा पनि धान रोप्नै पर्यो, गत वर्ष पनि मल पर्याप्त नपाएर धान उत्पादन घट्छकि किसानहरूलाई चिन्ता लागेको थियो । यस वर्ष पनि त्यस्तै छ ।"

रोपाहार नपाउँदा कतिपय किसान घरमा भएका जनशक्ति नै रोपाइँमा जुटेका छन् । गतका वर्षजस्तै यस वर्ष पनि पानी पर्ला भनेर छिट्टो धानको बीउ राखेर किसानले छिटो नै रोप्न थालेका छन् ।



नवलपरासीको पाल्हीमा धान रोपाइँ गर्दै गरेका किसान त्रिभुवन कुर्मीले भन्नुभयो । बीउ छोटो भए पनि खेतको छेउछाउका किसान रोप्न थालेको देखेर खेतमा ट्याक्टर जाने बाटो बन्द हुन्छ भनेर छोटो बीउ नै रोप्न थालेको बताउनुभयो । अहिले यतिबेला पश्चिम गण्डक नहरको उत्तरतर्फ नजिक रहेका र दक्षिणतर्फका अकिांश खेतमा किसानहरूले रोपाइँ गरिरहेका छन् ।

यस वर्ष गण्डक नहरमा पानी खोल्दा ३२ किमी गण्डक नहरमा ३६ घण्टामै नहर भरी पानी पुगेको आफूलाई जानकारी आएपछि नहरको पानीबाट किसानले धान रोपाइँ गरेर लाभ लिनु भएछ पश्चिम गण्डक नहरका प्रमुख तिलकराम बुढाथोकीले जानकारी दिनुभयो । ***(रासस)***

***जाँचबुझ...***

पेस्तोल ९५ थान, ७.६२ type ७७ चाइनिज पेस्तोल ४ थान, बेरेटा पेस्तोल ३ थान, 9 mm Auto Indian पेस्तोल ३ थान, NoN Lethal Multi Weapon १५ थान, स्टिल हतकडी ८ थान, इन्सास राइफल २ थान, SMG २ थान समेत लगे ।

**प्रहरी प्रभाग कोटेश्वरमा कार्यरत प्रहरी सहायक निरीक्षक हरेराम कुमाल :**

२०८२ भदौ २३ गते म कार्यालयमा स्टेन्डबाई ड्युटीमा थिएँ । २४ गते बिहान अन्दाजी १०:३० बजे ४००/५०० जनाको समूहले कार्यालयमा आक्रमण गर्न खोज्दा कोटेश्वर चोकबाट नै स्थानीयहरूले हातेमालो गरी "प्रहरी कार्यालायमा आगजनी र प्रहरीलाई कुटपिट गर्नु हुँदैन" भनेर सम्झाइबुझाइ गरी फर्काए । फेरि अं. ११:०० बजे कोटेश्वर आकाशे पुलतर्फबाट आउँदै गरेको प्रदर्शनकारीहरूको हुलले कोटेश्वर ट्राफिक कार्यालयमा तोडफोड र आगजनी गरे । उनीहरूले गेटमा ढुङ्गामुढा गर्दै भित्र पेट्रोल बमसमेत फाले ।

करिब १२:३० बजे अन्दाजी ३-४ हजारको हुलले ढुङ्गामुढा गर्दै "तिमीहरू अफिसबाट निस्क, होइन भने भित्रै जलाएर मारिदिन्छौँ" भन्दै धम्काएर हामीमाथि आक्रमण गर्न थाले । प्रहरीहरू प्रतिकार र आत्मरक्षा गर्न नसक्ने अवस्था आएपछि विवस भई ज्यान जोगाउन दायाँबायाँ भागे । म पनि प्रहरी प्रभाग कोटेश्वरको उत्तरतर्फ भाग्दै गल्लीभित्र एक स्थानीयको घरमा स्टोर रुमजस्तो सानो कोठामा लुकेर बसेँ ।

# मध्यपूर्वमा बढ्दो सङ्कटको कूटनीतिक समाधान गर्न महासचिव गुटेरेसको आग्रह

जेनेभा, ११ जून (एएनआई) । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले बारम्बारको आक्रमणले युद्धविरामलाई खतरामा पारेको भन्दै मध्यपूर्व क्षेत्रमा स्थायी शान्ति कायम गर्नका लागि कूटनीति उपाय अपनाउन सम्बन्धित पक्षलाई आह्वान गर्नुभएको छ ।

सामाजिक सञ्जाल एक्समा महासचिव गुटेरेसले मध्यपूर्व लामो युद्धका कारण गहिरो सङ्कटमा तानिएको उल्लखे गर्दै यसको प्रभाव उक्त क्षेत्रभन्दा बाहिरसम्म पनि पुगेकोसमेत जनाउनुभएको छ । पछिल्लो समयमा बढेको आक्रमणले र अवस्था थप बिग्रन लागेको उहाँले बताउनुभएको छ, जहाँ युद्धविरामको समयमा पनि गोलावारी जारी छ । उहाँले कुनै पनि पक्ष आक्रामक नबनी थप जोखिमलाई कम गर्नुपर्ने बताउनुभएको छ । सबै पक्षले कूटनीतिक समाधानका लागि भूमिका खेल्नुपर्ने बताउदै उहाँले अब कुनै पनि बहानामा आक्रमण गर्न नहुने बताउनुभएको छ ।

मध्यपूर्व र खाडी क्षेत्रमा द्रुत गतिमा विकसित भइरहेको द्वन्द्वरत अवस्थाको बिचमा, कुवेत, जोर्डन र बहराइनका हवाई रक्षा प्रणालीले हवाई लक्ष्यहरू रोक्ने चेतावनी जारी गरेका छन् ।

अमेरिकी आक्रमणको प्रतिक्रियामा इरानी अधिकारीहरूले स्ट्रेट अफ हर्मुज बन्द गर्ने घोषणा गरेपछि द्वन्द्वका प्रमुख घटनाक्रमहरू अगाडि बढेको छ ।

इरानको आइआरजिसीलाई उद्धृत गर्दै अल जजिराले अमेरिकी आक्रमणको प्रतिक्रियाका लागि कुवेतको अली अल-सलेम र अहमद अल-जाबेर र बहराइनको शेख इसा एयर बेससहित १८ वटा अमेरिकी सैन्य क्षेत्रहरूलाई लक्षित गरिएको बताएको छ ।

तनाव बढ्दै जाँदा, आइआरजिसीका कमान्डर जनरल सैयद माजिद मौसवीले अमेरिकालाई चेतावनी दिँदै यदि अमेरिकाले स्ट्रेट अफ हर्मुजको सुरक्षामा धम्की जारी राख्यो भने यस क्षेत्रलाई रणभुमिमा परिणत गर्ने बताएको प्रेस टिभीले रिपोर्ट गरेको छ ।

***अफ्रिकालाई...***

कुरो, फ्रान्स आफैँले आफ्नो भिटोशक्ति अन्य कुनै देशका लागि त्याग्ने प्रस्ताव गरेको छैन । ऊ आफ्नो हितविरुद्धका प्रस्ताव सुरक्षा परिषद्मा आउँदा रोक्ने यो शक्ति त्याग्न तयार छैन ।

हुन त सन् २०१५ को फ्रान्सेली प्रस्तावले औपचारिक रूपमा भिटो हटाउने प्रस्ताव गर्दैन । बरु, प्रस्तावले सुरक्षा परिषद्का स्थायी सदस्यलाई कुन विषयमा भिटो नलगाउने भन्ने कुरामा नियन्त्रण गर्न दबाब दिन खोजेको छ । यो सुधार लागू गर्न पहिले त ठुलो बहुमतको समर्थनमा महासभामा प्रस्ताव पारित हुनुपर्छ । त्यसपछि यसलाई 'बृहत्तर अन्तर्राष्ट्रिय समुदायको इच्छा' का रूपमा प्रस्तुत गरिनेछ र स्थायी सदस्यलाई भिटो लगाउन नपाउने विषयबारे बारम्बार चेतावनी दिन प्रयोग गरिनेछ ।

भिटो लगाउन नपाउने भनिएका 'आमनरसंहार' र 'अन्तर्राष्ट्रिय अपराध' के हो भन्ने कुराको निर्धारण प्रायः महासचिवजस्ता संयुक्त राष्ट्र सङ्घका अधिकारीले गर्छन् । अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको निर्णयमा पनि यो निर्भर हुन्छ । पेइचिङ र मस्कोका अधिनायकवादी सरकारले यस्ता रणनीतिलाई सघाउने सम्भावना कम छ । तर, यस प्रस्तावको मुख्य लक्ष्य संयुक्त राज्य अमेरिका हो । संयुक्त राष्ट्र सङ्घका संस्था र अधिकारीले समय-समयमा संयुक्त राज्य अमेरिका र इजरायलको कार्यलाई अवैध भनेर निन्दा गर्ने गर्छन् । यसको उद्देश्य अमेरिकाले आफू वा आफ्ना सहयोगीको बचाउमा भिटोको प्रयोगलाई अन्तर्राष्ट्रिय विधिको उल्लङ्घनको रूपमा चित्रण गर्नु हो ।

एकातिर यो प्रयास पूर्णतया प्रतीकात्मक छ । यसको कार्यान्वयनको कुनै माध्यम छैन । तर, यसले अमेरिकाका विरोधीलाई अमेरिकी नेता र जनमतलाई लक्षित गर्ने एउटा औजार प्रदान गर्नेछ । फ्रान्सले यस प्रस्तावलाई समर्थन गर्नुको मुख्य कारण भिटो तथा संयुक्त राज्य अमेरिका-इजरायललाई घृणा गर्ने अफ्रिकी देशलाई खुसी बनाउने देखिन्छ ।

फ्रान्सले अन्तिमपटक सन् १९८९ मा आफ्नो भिटो शक्ति प्रयोग गरेको थियो, त्यसबेलादेखि दशकौँको अवधिमा अमेरिकाले सुरक्षा परिषद्मा भिटो प्रयोग गरेबापत आलोचना भोग्दा फ्रान्स खुसी देखिने गरेको छ । जबकि अमेरिकाको भिटो प्रयोग प्रायः फ्रान्स र पश्चिमी देशको व्यापक फाइदाका लागि हुने गर्छ । यसैले, म्याक्रोँको सुरक्षा परिषद्को सुधार, प्रस्ताव सफल भयो भने उसैले एकदिन पछुताउनुपर्ने हुन सक्छ ।

*(सेफर 'अमेरिकन इन्टरप्राइज इन्स्टिच्युट' का वरिष्ठ फेलो हुन् ।)*

***- 'नेसनल इन्ट्रेस्ट' बाट***

**हार्दिक समवेदना**



जन्म
२००६/०५/१०

निधन
२०८३/०२/२६

यस समितिका सल्लाहकार **कृष्ण ब्यान्जु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**चोछेँ ब्यासी सद्भाव समिति**
चोछेँ, ब्यासी, भक्तपुर

**हार्दिक समवेदना**



जन्म
२००६/०५/१०

स्वर्गारोहण
२०८३/०२/२६

यस संस्थाकी लेखापाल नग्मा ब्यान्जुका पूजनीय पिता एवम् सदस्य नं ८३० का **कृष्ण ब्यान्जु**को स्वर्गारोहण भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा इश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नवल बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
आदर्श चोक, भक्तपुर

**सिद्धि गणेश कर्नर**
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**संस्थाको खँचास्थित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू**




- ♦ **दैनिक रूपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:० बजेसम्म
- ♦ **फिजियोथेरापी सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- ♦ **डेन्टल सेवा**:सोमबारदेखि शनिबार बिहान ९:०० देखि २:०० बजेसम्म
- ♦ **मुटुरोगसम्बन्धी सेवा**: प्रत्येक बिहीबार बिहान ८:०० देखि ९:०० बजेसम्म
- ♦ **डा. रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा**: प्रत्येक शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म

**पुनश्चः संस्थाको कार्यालय भवन, चोर्चाबाट बिहान ८ देखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिक, खँचाबाट बिहान ७ देखि ९ बजेसम्म निःशुल्क रक्तचाप परीक्षण भइरहेको जानकारी गराइन्छ।**

**स्वास्थ्य उपसमिति**

**गतिविधि**



एल.आई.सी. कर्पोरेसन (नेपाल) लिमिटेडबाट जीवन बीमा अवधि पूरा भएका बीमाको रकम भुक्तानी प्रक्रियासम्बन्धी अभिमुखीकरण ।




भारतमा भइरहेको Enhancing Governance And Self Regulation in Cooperatives तालिममा संस्थाका सञ्चालक सदस्य राधेश्याम सैंजुको सहभागीता ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।**

- ❖ सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- ❖ जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- ❖ नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- ❖ स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ❖ हातधुन र सरसफाइ गर्न सिकाऔं,
- ❖ पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- ❖ मोबाइल/स्क्रिन समय सीमित गरौं,
- ❖ मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा